CC-0. In Public Domain. Digitization by eGangotri

स्मारिका

२०८०

30

स्रष्टासम्मानको ३०औं वर्ष

श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिर

सल्लाहकार सभा

श्री ज्ञानमणि नेपाल
डा. ध्रुवचन्द्र गौतम
श्री शकुन्तला शर्मा
श्री कुमार बस्नेत
श्री मोदनाथ शास्त्री
प्रा. डा. जगदीशचन्द्र रेग्मी
श्री शम्भुजीत बासकोटा
श्री सुनील पोखरेल
श्री नरेन्द्र श्रेष्ठ
श्री बुद्धिनारायण श्रेष्ठ
श्री सरिता मिश्र
श्री गोपालनाथ योगी
श्री वनिष शाह
डा. रवीन्द्र समीर
प्रा. दीपक जङ्गम
प्रा. डा. चूडामणि बन्धु
श्री विमला श्रेष्ठ
श्री यशोदा तिम्सिना
श्री कविता पौडेल
प्रा. डा. योगेन्द्रप्रसाद यादव
श्री मीरा राणा
श्री ठाकुर बेलवासे
श्री गीता केशरी
प्रा. दिनेशराज पन्त
श्री वैरागी काइँला
श्री तीर्थकुमारी थापा

श्री राजकुमार पुडासैनी
श्री पेम्पा तामाङ
श्री रवीन्द्र ज्यापू
श्री महेश चौधरी
श्री अशेष मल्ल
श्री किरण खरेल
श्री गीता खत्री
डा. सुजाना फोबू
श्री परशु प्रधान
प्रा. तुलसी दिवस
श्री विमला सेन्चुरी प्रधान
श्री भुवन ढुङ्गाना
श्री शशी शाह
श्री हरिबहादुर थापा
श्री पारस खड्का
श्री चूडामणि भट्टराई
डा. जगमान गुरुङ
श्री शान्ति ठटाल
श्री दुर्गा बराल
डा. बविता पौडेल भट्टराई
श्री तोया गुरुङ
श्री कालीप्रसाद रिजाल
श्री दीप श्रेष्ठ
श्री महेन्द्र मलङ्गिया
श्री मीरा राई
श्री भागीरथी श्रेष्ठ

श्री दुर्गालाल श्रेष्ठ
प्रा. डा. प्रेमकुमार खत्री
श्री शशीकला तिवारी
श्री मिथिला शर्मा बोहरा
श्री फूलमान बल
श्री पद्मावती सिंह
श्री अच्युतरमण अधिकारी
श्री मोदनाथ प्रश्रित
श्री गणेश रसिक
श्री किरण मानन्धर
श्री भुवन थापा चन्द
श्री सृष्टि केसी
श्री दिनेश अधिकारी
श्री राष्ट्रिय आविष्कार केन्द्र
श्री चूडामणि रेग्मी
प्रा. डा. वीणा पौड्याल
श्री विश्वविमोहन श्रेष्ठ
श्री रागिनी उपाध्याय
श्री नन्दकृष्ण जोशी
श्री वीरेन्द्र हमाल
श्री सन्दीप लामिछाने
प्रा. डा. त्रिरत्न मानन्धर
श्री तेजेश्वरबाबु ग्वङ्गः
श्री न्हुछेबहादुर डङ्गोल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

30

स्रष्टासम्मानको ३०औं वर्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्मारिका
२०८०

• सम्पादन : रमण घिमिरे, राजेन्द्र शलभ
• साजसज्जा : विष्णु प्रधान • मुद्रण : हाइडल प्रेस प्रा. लि., डिल्लीबजार, ०१-४४३९८१२
• प्रकाशक : श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिर । २९, असोज, २०८०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौं, नेपाल

प्रधानमन्त्री

शुभकामना

श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिरले साहित्य र कलाका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने स्रष्टाहरूलाई सम्मान गर्दै आएको जानकारी पाउँदा खुसी लागेको छ। यस सन्दर्भमा, स्रष्टा सम्मान र ३०औं वार्षिकोत्सव समारोहका अवसरमा प्रकाशित हुने स्मारिकाको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

यस वर्ष सम्मानित हुने सर्जक-कलाकारहरू प्रा. विद्यानाथ उपाध्याय भट्ट (इतिहास शिरोमणि बाबुराम आचार्य शोध सम्मान), डा.बिष्णुविभु घिमिरे र श्री लक्ष्मण नेवटिया (सरस्वती सम्मान) र श्री झुमा लिम्बू (नारायणगोपाल संगीत सम्मान) लाई हार्दिक बधाइ तथा निरन्तर प्रगतिको कामना गर्दछु। यस्तो सम्मानले सर्जक-कलाकारहरूलाई हौसला प्रदान गर्नुका साथै नेपाली साहित्य एवम् कला क्षेत्रको श्रीवृद्धिमा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु।

स्रष्टाहरू देशका अमूल्य निधि हुन्। सिर्जनशीलता संसार बदल्न सक्ने अद्भुत क्षमता राख्ने शक्ति हो। साहित्य र कला जगतको माध्यमबाट प्रस्फुटन हुने सिर्जनशील अभिव्यक्तिले राष्ट्रलाई एकताबद्ध गर्न महत्वपूर्ण भूमिका समेत खेलिरहेको हुन्छ। मौलिकता र सिर्जनशीलता मौलाउने उर्वर वातावरण तय गर्न सरकार सदा प्रतिबद्ध रहेको छ। यस क्रममा साहित्यकला मन्दिरले सर्जक-कलाकारहरूलाई उत्प्रेरित गरी नेपाली साहित्य र कला क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा गर्दछु।

अन्त्यमा, स्रष्टाहरूको संक्षिप्त गतिविधिहरू समेटी स्रष्टा सम्मानको ३०औं वार्षिकोत्सवका अवसरमा प्रकाशन हुन लागेको स्मारिकाले साहित्य र कला क्षेत्रको इतिहासलाई अभिलेखबद्ध गर्नेछ भन्ने अपेक्षाका साथ फेरी एक पटक शुभकामना व्यक्त गर्दछु।

पुष्पकमल दाहाल 'प्रचण्ड'

१५ असोज, २०८०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं, नेपाल
फोन : ०१-४२२१२८३, ४२२१२४१, ४२२१२४२
फ्याक्स : ९७७-०१-४२४१७८६, ४२५७८८६
पो.ब.नं. : २१०५८, काठमाडौं, नेपाल
इमेल : office@nepalacademy.gov.np
info@nepalacademy.gov.np
वेबसाइट : www.nepalacademy.gov.np

पत्र सङ्ख्या
चलानी नं.

शुभकामना

श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिरले नेपाली वाङ्मयको प्रवर्धनका लागि महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । नेपालको प्रख्यात औद्योगिक घरानाद्वारा सञ्चालित यो संस्थाले आफ्ना गतिविधिमार्फत अन्य साहित्यिक संस्थाहरूमाझ बेग्लै पहिचान पनि बनाएको छ । नेपालका प्रतिष्ठित उद्यमी तथा ख्यातिप्राप्त कवि वसन्त चौधरीको निजी प्रयासबाट सञ्चालित यो संस्थाले ३० औँ वार्षिकोत्सव मनाउन लागेको थाहा पाउँदा मलाई खुसी लागेको छ ।

संस्थाले स्थापना कालदेखि विभिन्न क्षेत्रका स्रष्टा एवम् विद्वान्हरूलाई पुरस्कार प्रदान गर्दै आएकामा यस पटक तन्त्रविज्ञानका ज्ञाता प्रा. विद्यानाथ उपाध्याय भट्टलाई इतिहासशिरोमणि बाबुराम आचार्य शोधसम्मान, प्रसिद्ध कवि तथा नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्व उपकुलपति डा. विष्णुविभु घिमिरे तथा कवि एवम् व्यङ्ग्यकार श्री लक्ष्मण नेवटियालाई सरस्वती सम्मान (संयुक्त रूपमा) र सङ्गीतकार एवम् लोकगायिका श्री झुमा लिम्बूलाई नारायणगोपाल सङ्गीत सम्मान प्रदान गर्न लागेको रहेछ । साथै स्रष्टाहरूको सङ्क्षिप्त जीवनीसँगै आफ्ना महत्त्वपूर्ण गतिविधिलाई समेटेर स्मारिका प्रकाशन गर्न लागेको कुरा संस्थाका अध्यक्ष मेघा चौधरीमार्फत अवगत भयो । प्राज्ञिक महत्त्वका पुरस्कारहरूलाई व्यवस्थित ढङ्गले प्रदान गर्ने जुन प्रचलन यस संस्थाले बसालेको छ, त्यो निकै प्रशंसनीय छ ।

स्थापनाको तिसौँ वर्ष प्रवेशका उपलक्ष्यमा संस्थालाई हार्दिक बधाई ज्ञापन गर्दै पुरस्कारका लागि चयन हुनुभएका स्रष्टाहरूप्रति सम्मान अर्पण गर्दछु । साथै यस अवसरमा प्रकाशन गर्न लागिएको स्मारिकाका लागि शुभकामना व्यक्त गर्दछु ।

भूपाल राई
कुलपति
वि.सं. २०८० असोज १२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान

शुभकामना सन्देश

नेपाली वाङ्मयको श्रीवृद्धिको लागि निरन्तर रुपमा क्रियाशील श्री लुनकरणदास गङ्गादेवी चौधरी साहित्यकला मन्दिरलाई सर्वप्रथम त २९औं वर्ष पूरा गरी ३० औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा हार्दिक शुभकामना दिन चाहन्छु ।

नेपालको निजी क्षेत्रको उद्योग स्थापना र विकासमा अत्यन्त महत्वपूर्ण भूमिका खेल्नुहुने श्री लुनकरण दास चौधरी र गङ्गादेवी चौधरीको नाममा स्थापित यस साहित्यकला मन्दिरले नेपाली साहित्य र कलाको क्षेत्रमा पुऱ्याएको योगदान सदैव स्तुत्य रहिआएको छ । नेपालको इतिहास, साहित्य र सङ्गीत विधाका अग्रज साधकदेखि अनुज प्रतिभाहरुलाई पहिचान गरी विगत २९ वर्षदेखि यस श्री लुनकरणदास गङ्गादेवी चौधरी साहित्यकला मन्दिरद्वारा विभिन्न सम्मान प्रदान गर्दिदै आएकोमा यस वर्ष तन्त्र विज्ञानका प्रकाण्ड विद्वान प्रा. विद्यानाथ उपाध्याय भट्टलाई इतिहास शिरोमणि बावुराम आचार्य सोध सम्मान, प्रसिद्ध कवि तथा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति डा. विष्णु विभु घिमिरे तथा कवि एवं व्यङ्ग्यकार श्री लक्ष्मण नेवटियालाई सरस्वतीसम्मान(संयुक्तरुपमा)तथा सङ्गीतकार एवं लोकगायिका श्री झुमा लिम्बुलाई नारायणगोपाल सङ्गीतसम्मान प्रदान गरिन लागेकोमा सम्मानित व्यक्तित्वहरूलाई हार्दिक शुभकामना तथा बधाई दिन चाहन्छु ।

यस किसिमका गौरवमय गतिविधिहरुले यस संस्थाको जीवन्तता, निरन्तरता र ऐतिहासिक भूमिकालाई स्पष्ट पार्दछ । यसै सन्दर्भमा यस संस्थाले विगत्मा गरेका आफ्ना गतिविधिहरुलाई समेटेर आफ्नो तीसौं वर्षगाँठमा ऐतिहासिक स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई अत्यन्त हर्षको अनुभूति भएको छ ।

मलाई विश्वास छ, यस स्मारिकामार्फत् संस्थाले एकपल्ट आफूलाई पछाडि फर्केर हेर्ने अवसर त पाउने नै छ, थप अगाडि जाने मार्गप्रशस्त पनि गर्नेछ । आफ्ना विगत्का सम्पूर्ण गतिविधि एवम् यस संस्थाबाट सम्मानित व्यक्तित्वहरुको योगदानमा आधारित जीवनी अभिलेखीकरणले स्मारिका पठनीय, सङ्ग्रहणीय र वन्दनीय हुने विश्वासका साथ म फेरि पनि शुभकामना दिन चाहन्छु ।

शुभकामना !

निशा शर्मा
कुलपति
नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठान
नक्साल, काठमाडौं ।

मिति २०८०–०६–१३

काठमाडौं, नेपाल, पोष्ट बक्सः ११७३०, फोन : ९७७-१-४४२८४०४/५ फ्याक्स : ४४२८४०७
Email: info@namuda.org.np, Web : www.namuda.org.np

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान
NEPAL ACADEMY OF FINE ARTS

फोन : ४४३०२५१
४४११७२९

सीताभवन, नक्सान, काठमाडौं, नेपाल
Sita Bhavan, Naxal, Kathmandu, Nepal
Tel: 4430251, 4411729, E-mail: info@nafanepal.org

च.नं./Ref ९२\०८०-८१

हार्दिक कला अभिवादन !

व्यक्तिको व्यक्तित्व कृतित्वले तय गरेता पनि सम्बन्धित सामाजिक संघ-संस्थाले त्यसको साक्षी किनारामा वसेर सही मूल्याङ्कनसँगै सम्मान गर्दा उक्त कृतित्वको सार्वजनिकीकरणमा विशेष भूमिका हुन्छ । त्यस्तै व्यक्तिले समष्ठीमा जोडिएर मात्रै युगबोधसँगै समाजलाई गतिशीलतामा वढाइरहन्छ ।

यसै पृष्ठ प्रसङ्गमा, श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिरले नेपाली कला तथा साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउनुहुने स्रष्टाहरुको सम्मान गर्ने कार्यलाई विगत २९ वर्षदेखि निरन्तरता दिँदै आएको छ । यसर्थ: यस संस्थाले ३० औं वार्षिकोत्सव मनाउँदै गौरवशाली इतिहास स्यापना गरेकोमा हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु ।

साहित्यकला मन्दिरद्वारा यस वर्ष सम्मानित हुनुहुने तन्त्र विज्ञानका प्रकाण्ड विद्वान प्रा. विद्यनाथ उपाध्याय भट्ट (इतिहास शिरोमणि वावुराम आचार्य शोध सम्मान), प्रसिद्ध कवि तथा नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्वउपकुलपति डा. विष्णुविभु घिमिरे तथा कवि एवम् व्यङ्ग्यकार श्री लक्ष्मण नेवटिया (सरस्वती सम्मान संयुक्तरूपमा) तथा लोकगायिका श्री भुमा लिम्बू (नारायणगोपाल संगीत सम्मान) लाई हार्दिक बधाई ज्ञापन गर्दछु । सम्मानित हुनुहुने सवैलाई आगामी दिनमा आ-आफ्नो क्षेत्रको श्रीवृद्धिमा अझ वढी क्रियाशील रहन ऊर्जा मिलोस् भन्ने हार्दिक कामनासमेत गर्दछु । सम्मानित हुने स्रष्टाहरुको परिचय एवम् त्यस संस्थाका विविध गतिविधिलाई समेटेर स्मारिकासमेत प्रकाशन गर्न लागेको हुँदा सम्मानित व्यक्तित्वहरु तथा त्यस संस्थाका क्रियाकलापवारे विशेष थप जानकारी पाउन सकिने मलाई लाग्दछ ।

अन्त्यमा, श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिरले नेपाली कलासाहित्य तथा अन्य क्षेत्रमा विगतमा झैं उत्कृष्ट सांस्कृतिक सेवा गर्दै जान सकोस् भन्ने शुभेच्छासहित यस ३०औं स्थापना दिवसको अवसरमा गरिने स्रष्टा सम्मान कार्यक्रमको पूर्ण सफलताको कामना गर्दछु ।

नारदमणि हार्तम्छाली
कुलपति
नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



भावपूर्ण शब्द-श्रद्धाञ्जली

निष्ठा, इमानदारी र सङ्कल्पका साथ जीवनका हरेक मोडहरूमा आइपरेका हरेक सङ्घर्षहरूसँग धैर्य र संयमका साथ जुधेर गन्तव्य पहिल्याएका व्यक्ति हुनुहुन्थ्यो स्व. लूनकरणदास चौधरी । व्यापार-व्यवसायमा अथक परिश्रम गरी चौधरी ग्रुपलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय जगत्मा प्रतिष्ठित र समृद्ध बनाउने कर्मयोगी हुनुहुन्थ्यो स्व. लूनकरणदास चौधरी । उहाँले वीजारोपण गरेको यो चौधरी ग्रुप अहिले झाँगिदै र फैलिँदै राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय जगत्मा समेत विस्तारित हुनपुगेको छ ।

उहाँ व्यापार-व्यवसायजत्तिकै महत्वपूर्ण ठान्नुहुन्थ्यो साहित्य, कला र संस्कृति क्षेत्रलाई । यी क्षेत्र र यिनको साधनामा लाग्ने साधकहरू नै राष्ट्रको पहिचान बनाउने क्रममा महत्वपूर्ण व्यक्ति हुन् भन्ने उहाँको मान्यता थियो । उहाँको यही अवधारणाको जगमा स्थापित भएको हो श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिर । उहाँद्वारा निःसृत, उहाँद्वारा पालित-पोषित यस संस्थाले उहाँको यस योगदानलाई कहिल्यै भुल्ने छैन र उहाँले मार्ग-निर्देश गरेका यात्रामा सदा उहाँको स्मरण गर्दै अघि बढिरहने छ । यस साहित्यकला मन्दिरका संस्थापक अभिभावक स्व. लूनकरणदास चौधरी एवम् स्व. गङ्गादेवी चौधरीलाई हामी श्रद्धाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संरक्षकको मन्तव्य

साहित्य, कला, संस्कृतिका साधकहरूमा बडादसैंको हार्दिक शुभकामना !

यस वर्षदेखि म यस साहित्यकला मन्दिरमा फरक जिम्मेवारीका साथ प्रस्तुत भएको छु । नयाँ पुस्तालाई जिम्मेवारी दिने मेरो पहिल्यैदेखिको अवधारणा हो । त्यसैले विगत तीन दशकदेखि आफूले सम्हाल्दै आएको यस साहित्यकला मन्दिरको अध्यक्षको अभिभारा यस वर्षदेखि मेरी प्रिय सुपुत्री मेघालाई हस्तान्तरण गरी म संरक्षकको दायित्व निर्वाह गर्न लागेको छु । यसअघि मेरा श्रद्धेय पिता लूनकरणदास चौधरी र माता श्रीमती गङ्गादेवी चौधरीले यस संस्थाको संरक्षकत्व सम्हालेर आफ्नो जीवनभरि अभिसिञ्चित गरी हुर्काउनुभएको यस संस्थालाई संरक्षण गर्ने दायित्व उहाँहरूको जीवनोपरान्त अब मेरो भागमा आइपरेको छ । र, मैले निर्वाह गर्दै आएको भूमिकामा अब मेरी प्रिय सुपुत्री मेघा प्रस्तुत भएकी छिन् ।

मलाई लाग्छ, नयाँ पुस्ता हामी पुराना पुस्ताले भन्दा अझ बढी ऊर्जाशील भएर कुनै पनि संस्थालाई नयाँ दिशाबोध गराउन सक्षम हुन्छन् । उनीहरूको दृष्टिकोण, सोच र दूरदर्शिता नै फरक हुन्छ । हामी दशकौँ अघिको मान्यतामा रूमल्लिइरहेका हुन्छौँ तर उनीहरू आजको धरातलमा उभिएर वस्तुस्थितिको संश्लेषण र मूल्याङ्कन गर्छन् । यसमा मेरी सुपुत्री मेघा सक्षम छिन् र उनी आफ्नो जिम्मेवारीलाई सफलतापूर्वक सम्पादन गर्ने छिन् भन्नेमा मलाई कुनै आशङ्का छैन ।

सिर्जनाले मानिसलाई नयाँ दिशाबोध गराउँछ, नयाँ क्षितिज र आकाश देखाउँछ र सत्यम्, शिवम्, सुन्दरम्को अनुभूति गराउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मलाई लाग्छ, सर्जक र ईश्वर उस्तैउस्तै हुन् । ईश्वरले चराचर जगत्‌को सृष्टि गर्छ, सर्जकले यस जगत्‌लाई मार्गदर्शन गर्ने सिर्जनाको सृष्टि गर्छ । अझ आदिकालमा त ऋषिमुनिहरू नै स्रष्टा हुन्थे र ईश्वरले पनि उनीहरूको परामर्शमा जगत् सञ्चालन गर्थे । यो मान्यता आज पनि यथावत् छ । त्यसैले मेरो दृष्टिमा ईश्वर र स्रष्टाबीच खासै ठूलो अन्तर छैन । यस्ता सृष्टिका जनक तमाम सर्जकहरूप्रति मेरो हार्दिक वन्दना !

यस्ता कालजयी स्रष्टाहरूलाई हरेक वर्ष सम्मान गरेर यस साहित्यकला मन्दिरले उनीहरूको आराधना गरिरहेछ । आज इतिहासशिरोमणि बाबुराम आचार्य शोधसम्मानबाट तन्त्र विद्याका धुरन्धर विद्वान् प्राध्यापक विद्यानाथ उपाध्याय भट्ट, सरस्वतीसम्मानबाट वरिष्ठ कविद्वय डा. विष्णूविभु घिमिरे र श्री लक्ष्मण नेवटिया एवम् नारायणगोपाल सङ्गीतसम्मानबाट प्रसिद्ध लोकगायिका तथा सङ्गीतकार श्री झुमा लिम्बू सम्मानित हुनुभएको छ । उहाँहरूप्रति हार्दिक बधाई ज्ञापन गर्दछु ।

आज यस विशेष समारोहमा हामी दुईवटा महत्त्वपूर्ण पुस्तकहरूको लोकार्पण गर्दैछौँ । साहित्यकला मन्दिरले नै प्रकाशनमा ल्याएको प्रा. डा. उषा ठाकुरको समीक्षा-सङ्ग्रह 'विचार र विश्लेषण' तथा प्रसिद्ध कवि तथा हास्यव्यङ्ग्यकार श्री लक्ष्मण नेवटियालिखित तथा मञ्जरी प्रकाशनद्वारा प्रकाशित व्यङ्ग्य-कवितासङ्ग्रह 'व्यङ्ग्यधाम' को यसै मञ्चमा लोकार्पण हुँदैछ । उहाँहरू दुवैप्रति हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु साथै यी कृतिहरूले पाठकमाझ राम्रो प्रभाव पार्न सफल हुनेछन् भन्ने अपेक्षासमेत गर्दछु ।

समय प्रवाहमा बग्दाबग्दै ३० वर्ष लामो समयकको खुट्किला उक्लिएको थाहै भएन । यसअघि मैले अध्यक्षता गर्दाको यस साहित्यकला मन्दिरलाई सम्झेर म भावविभोर पनि भएको छु । म एक्लैले यस संस्थालाई यहाँसम्म ल्याइपुऱ्याउन अवश्य पनि सम्भव थिएन । यति लामो यात्रामा मलाई साथ र सहयोग दिने मेरा प्रिय मित्रहरूप्रति पनि म आभार व्यक्त गर्दछु ।

अन्त्यमा हाम्रो निमन्त्रणालाई स्वीकारेर यस समारोहमा उपस्थित सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । धन्यवाद !

बसन्त चौधरी

संरक्षक

श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिर

२९ असोज २०८०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोचलाई अनुभवले अभिसिञ्चन गर्नु छ ।

पहिले म आफूलाई दिइएको जिम्मेवारी पूरा गर्थे, अहिले आफैले जिम्मेवारी लिनु र दिनुपर्ने अवस्थामा आइपुगेकी छु । यो अवस्था पहिलेको जस्तो सहज नहोला, तर एउटा उत्साह र अठोट छ, मनभरी । यस जिम्मेवारीका लागि मेरा प्रिय आदरणीय पिता श्री बसन्त चौधरीलाई आभार व्यक्त गर्दछु, साथै म सँग यस नयाँ कार्यसमितिमा रहनुहुने अग्रज स्रष्टाहरूलाई म धन्यवाद दिन चाहन्छु । हामी सबैको सहकार्यले साहित्यकला मन्दिरले अझ थप सिर्जनात्मक कार्यहरू गर्दै जानेछ भन्नेमा म विश्वस्त छु ।

पक्कै पनि मेरा पिताले भनेजस्तो युवा पुस्तासँग केही नयाँ सोच र जाँगर हुन्छ तर त्यस सोच र जाँगरलाई अग्रजहरूको अनुभव मिसाएर कार्यान्वयन गर्नुपर्छ भन्नेमा मलाई दुविधा छैन । अहिलेको नयाँ कार्यसमिति यही सोचको परिणाम हो । आज इतिहास शिरोमणि बाबुराम आचार्य शोधसम्मानबाट सम्मानित हुनुहुने तन्त्र विद्याका वरिष्ठ साधक एवं विद्वान प्राध्यापक विद्यानाथ उपाध्याय भट्ट, सरस्वति सम्मानबाट सम्मानित हुनुहुने वरिष्ठ कवि डा. विष्णुविभु घिमिरे तथा मोफसलमा बसेर साहित्य-सेवा गरिरहनुभएका वरिष्ठ कवि तथा व्यङ्ग्यकार श्री लक्ष्मण नेवटिया र नारायण गोपाल सङ्गीत सम्मानबाट सम्मानित हुनुहुने लोकगायिका एवं सङ्गीत साधिका श्री झुमा लिम्बुलाई ससम्मान बधाई ज्ञापन गर्दछु ।

आजको यस समारोहलाई सङ्गीतमय बनाउनु हुने स्वनामधन्य शास्त्रीय सङ्गीतज्ञ डा. ध्रुवेशचन्द्र रेग्मी र उहाँको टोलीलाई तथा यस समारोहको गरिमा बढाउनका लागि प्रमुख अतिथिको भूमिका स्वीकार्नु हुने सर्वप्रिय कलाकार श्री मनिषा कोइरालालाई म हृदयदेखि नै धन्यवाद व्यक्त गर्दछु । आफ्नो व्यस्तताका वावजुद आज यहाँ उपस्थित भएर सदाझैं हाम्रो हौसला बढाउनु हुने साहित्य र कलाका पारखी एवं अनुरागीहरूलाई मनैदेखि कृतज्ञता व्यक्त गर्दै सञ्चार माध्यमलाई सदाझैं उर्जा प्रदान गर्न आग्रह-आभार व्यक्त गर्दछु । धन्यवाद !

२९ असोज २०८०

मेघा चौधरी
अध्यक्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यकला मन्दिरलाई फर्केर हेर्दा

-रमण घिमिरे

कुनै पनि राष्ट्र कति समृद्ध छ भन्ने कुरा बुझ्नलाई पहिला त्यस राष्ट्रको साहित्य, कला र संस्कृतिको अध्ययन गर्नुपर्छ । ठूलठूला भवनहरू, बढेमानका सपिङसेन्टरहरू, यातायातका अत्याधुनिक साधनहरू, धनाढ्य जनता आदिलाई मात्र हेरेर, पढेर त्यस राष्ट्रलाई समृद्ध भन्न सकिन्न । भौतिक विकास र समुन्नतिले मात्र राष्ट्रको कुलीनताको परिचय दिँदैन । यो त आवरणीय विकास मात्र हो । कुवेरको ढिकुटीमा कति सम्पत्ति छ भन्नु भन्दा पनि वेद, मुन्धुम, गीता, रामायण, महाभारत, बाइबल र कुरानमा कति ज्ञान छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । जसरी धर्मशास्त्रहरूले भन्छन्- 'धर्म रक्षति रक्षितः' अर्थात तिमी धर्मको संरक्षण गर, धर्मले तिमीलाई संरक्षण गर्छ । यस उक्तिलाई हामी धर्मका लागि मात्र उपयोग नगरी सिर्जनामा पनि प्रयोग गरेर 'सिर्जना रक्षति रक्षितः' भन्यौँ भने त्यतिकै सान्दर्भिक र समयसापेक्ष हुनसक्छ ।

साहित्यले ज्ञान दिन्छ, ज्ञानले मानिलाई भविष्यतर्फ डोऱ्याउने सुगम बाटो बनाउँछ । सङ्गीत र कलाले आत्मरञ्जना दिन्छ, मानिसको विचलित मनलाई सन्तुलित र संयमित बनउने शक्ति दिन्छ । संस्कृतिले आफ्नो पहिचानबोध गराउँछ । त्यसैले साहित्य, कला र संस्कृति जहाँ एकाकार भएका हुन्छन्, त्यो राष्ट्र ज्ञान, ध्यान र संस्कारले युक्त हुन्छ । यी विधा गहिरो चिन्तनका विषय हुन् । एक प्रसिद्ध साहित्यकारले भनेका छन्- जुन पुस्तकमा सुन्दर सिर्जना हुन्छन्, त्यसका वरिपरि धमिरा पनि भुनभुनाउँदैनन् । र, सिर्जनामा कुनै पक्ष-विपक्ष पनि हुँदैन । यो उक्ति साहित्यमा मात्र होइन, कला र संस्कृतिलगायत सम्पूर्ण सिर्जनशील क्षेत्रमा लागु हुन्छ ।

श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिरको स्थापना यिनै अवधारणाहरूको जगमा उभिएको छ । यसले यिनै विधाहरूको संवर्द्धन र विकास गर्ने महत् उद्देश्य बोकेको छ । सिर्जनाहरूमार्फत् राष्ट्रलाई गहनतम् समृद्धिको मार्गमा अभिमुखीकरण गर्न यस संस्थाले विगत २९ वर्षदेखि महत्वपूर्ण भूमिका निर्वाह गर्दैआएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री लूनकरणदास चौधरी ती व्यक्ति हुन्, जसले आफ्नो उद्यममा व्यापार र व्यवसाय मात्र गरेनन् । एउटा समृद्ध राष्ट्रको मार्गचित्र कोर्न उद्योगधन्दाको विस्तारले मात्र पुग्दैन, यसका लागि सिर्जनशील क्षेत्रको पनि विकास र विस्तार हुनुपर्छ भन्ने कुरा बोध गरे र यसमा उनलाई आफ्नी धर्मपत्नी श्रीमती गङ्गादेवी चौधरीले सहमतिका साथै समर्थनको हात पनि बढाइदिइन् । अनि दुवै महान् हस्तीहरू संस्थाको संस्थापक भई श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिरको २०५१ साल भदौमा स्थापना गरे र आफ्ना माहिला सुपुत्र श्री बसन्त चौधरीलाई यस संस्थाको रथ हाँक्न सारथि बनाए । र बसन्त चौधरीले उनीरूको सदिच्छालाई हृदयंगम गर्दै साहित्यकला मन्दिरलाई शून्यबाट आरम्भ गरी अङ्कका पछाडि अनेकौ अङ्कहरू थप्दै गए । फलतः यस संस्थाले आज एउटा इतिहास रच्न सक्षम भएको छ ।

स्रष्टा र सिर्जनाहरूको सम्मान गर्नु नै यथार्थमा राष्ट्रको सम्मान गर्नु हो भन्ने कुराको श्री बसन्त चौधरीलाई राम्रो ज्ञान थियो । उनले देशका मूर्धन्य साधकहरूको सङ्गत गरिसकेका थिए । त्यसैले स्रष्टा र सिर्जना के हो भन्ने गहिरोसँग बुझेका थिए । सम्पत्ति भएर पनि साहित्य, कला, संस्कृतिको गरिमा बुझेन भने यसको समुत्थान र कार्य-सम्पादन सर्वोपरि हुन सम्भव छैन । श्री बसन्त चौधरीले महान् हस्तीहरूको सङ्गतले यो ज्ञान प्राप्त गरेका थिए । यही ज्ञानको मार्गमा यात्रा गर्दै कालान्तरमा आज उनी यस राष्ट्रकै एक प्रतिष्ठित काव्यसाधक पनि भएका छन् ।

यसरी चौधरी ग्रुपका अध्यक्ष बसन्त चौधरीले वि. सं २०५१ सालमा प्राध्यापक मोहनराज शर्माको सभापतित्वमा नेपाली साहित्य, कला र संस्कृति फाँटका विशिष्ट व्यक्तित्वहरु सम्मिलित एउटा बृहत् भेलाको आयोजना गरी यस संस्थाको विधिवतरूपमा स्थापना भयो । यस संस्थाको संस्थापक पदाधिकारी तथा सदस्यहरूमा भाषाविद् हर्षनाथ शर्मा र रङ्गकर्मी हरिहर शर्मा उपाध्यक्ष, प्रा. अच्युतरमण अधिकारी महासचिव, सङ्गीत प्राध्यपक सुश्री ज्योति भण्डारी कोषाध्यक्ष एवम् सदस्यहरूमा क्रमशः प्रा. मोहनराज शर्मा, प्रा. राजेन्द्र सुवेदी, रङ्गकर्मी प्रचण्ड मल्ल, सङ्गीत विशेषज्ञ रामशरण दर्नाल र कवि विष्णुविभु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घिमिरे हुनुहुन्थ्यो । त्यसैताका कार्यालय सञ्चालनार्थ गठित संरचनामा कवि राजेन्द्र शलभ कार्यकारी निर्देशक र कवि-पत्रकार रमण घिमिरे सचिवालय प्रमुख तथा सरोज भट्टराई र रमा खरेल सहयोगीका रूपमा आवद्ध भए ।

श्री बसन्त चौधरी यस्ता व्यक्तित्व हुन्, जो अग्रजलाई अति सम्मान र अनुजलाई आत्मीयरूपमा प्रोत्साहन गर्छन् । सदा पृष्ठभूमिमा बसेर नै महत्त्वपूर्ण कार्य सम्पादन गर्ने उनको स्वभाव छ । यही स्वभाव र प्रोत्साहनका कारण यस वर्ष अर्थात् २०८० सालदेखि आफूले विगत तीन दशकदेखि सम्हाल्दै र मार्गनिर्देश गर्दैआएको साहित्यकला मन्दिरको अध्यक्षको अभिभारा आफ्नी प्रिय सुपुत्री श्री मेघा चौधरीलाई सुम्पेर आफू संरक्षकको जिम्मेवारी वहन गर्ने निर्णय गरेका छन् ।

साहित्य, कला र संस्कृतिका क्षेत्रमा प्रतिवद्ध भई निरन्तर योगदान पुऱ्याउने उद्देश्यअनुरूप यस साहित्यकला मन्दिरले मूलभूतरूपमा आफ्नो कार्यक्षेत्रका नौ सूत्रीय अवधारणा अधिसारेको थियो-

क) नेपाली साहित्यमा योगदान दिने नेपाली भाषाका पुस्तक र पत्रिकाहरूलाई नेपाली, अङ्ग्रेजी वा अन्य भाषामा अनुवाद गरी वा मूल रूपमा प्रकाशन गर्ने ।

ख) पुस्तकालय-वाचनालयको स्थापना गर्ने ।

ग) साहित्यकलासम्बन्धी विभिन्न गोष्ठी, कार्यशाला, सम्मेलन तथा प्रदर्शनीहरूको आयोजना गरी साहित्यकलाको उत्थानमा सक्रिय योगदान दिने ।

घ) साहित्य र कला क्षेत्रका प्रतिभाहरूको वृत्तचित्र तयार गर्ने तथा अन्य श्रव्य-दृश्य सामग्रीहरूको निर्माण गरी जनसमक्ष ल्याउने ।

ङ) स्वदेश एवम् विदेशमा नेपाली साहित्य र कलाको विकास एवम् विस्तार गर्नका लागि समान उद्देश्य भएका संस्थाहरूसँग सम्पर्क कायम गरी आवश्यक सहयोग एवम् जनसहभागिता जुटाउने ।

च) साहित्य र कलासँग सम्बन्धित व्यक्तित्वहरूको सम्मान एवम् अभिनन्दन गर्ने ।

छ) ऐतिहासिक शोधकार्य वा सिर्जनकार्यका लागि विद्वत्वृत्ति प्रदान गर्ने ।

ज) यस्ता सिर्जनात्मक गतिविधिलाई राजधानीमा मात्र सीमित नराखी मोफसलमा समेत कार्यक्रम गर्न विभिन्न एकाइहरूको गठन गर्ने ।

झ) साहित्य र कलाको फाँट फराकिलो पार्न उद्योग-वाणिज्य र समाजको अन्य क्षेत्रका व्यक्तिहरूमा पनि रूचि जगाउन विविध कार्यक्रमहरू सञ्चालन गर्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्रष्टा-सम्मानः

यही उद्देश्यअनुरूप साहित्यकला मन्दिरले आफ्नो स्थापनाकालमै राष्ट्रका ख्यातिप्राप्त व्यक्तित्वहरूको नाममा दुईवटा र साहित्यकलाकी आराध्यदेवी सरस्वतीका नाममा एउटा गरी तीनवटा सम्मान स्थापनाको घोषणा गऱ्यो । ती सम्मानहरू थिए- इतिहासशिरोमणि बाबुराम आचार्य शोधसम्मान, नारायणगोपाल सङ्गीतसम्मान र सरस्वतीसम्मान ।

इतिहासशिरोमणि बाबुराम आचार्य शोधसम्मान इतिहासको क्षेत्रमा मात्र नभई साहित्य, कला र संस्कृतिका क्षेत्रमा समेत गहकिलो खोज-अनुसन्धान गर्ने कुनै पनि व्यक्तित्वलाई प्रदान गरिने अवधारणाअनुरूप इतिहासइतरका व्यक्तित्वहरूलाई पनि यो सम्मान प्रदान गर्दैआइएको छ । यस्तै शास्त्रीय, आधुनिक र लोक-सङ्गीतका क्षेत्रमा आफ्ना सिर्जनामार्फत् उल्लेख्य योगदान पुऱ्याउने प्रतिभालाई नारायणगोपाल सङ्गीतसम्मानद्वारा सम्मानित गरिँदै आइएको छ भने साहित्यलगायत जुनसुकै सिर्जनाका विधामा विशेष योगदान पुऱ्याउने व्यक्तित्वलाई सरस्वतीसम्मान प्रदान गर्दैआइएको छ । यी प्रत्येक सम्मानवापत ताम्रपत्रसहित नगद ५१ हजार एक नगद प्रदान गरिँदै आइएकोमा २०७९ सालदेखि यी सम्मानहरूको राशि वृद्धि गरी प्रत्येक सम्मानवापत १ लाख ५१ हजार नगद पुऱ्याइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिवर्ष यी तीन सम्मानहरू प्रदान गर्दै आउँदा यी सम्मानहरूका दायराबाहिर पनि राष्ट्रलाई योगदान पुऱ्याउने सिर्जनशील क्षेत्र र साधकहरू प्रशस्त छन् र तिनको योगदानलाई पनि सम्मान गरिनुपर्छ भन्ने अनुभव गरियो । यसै मान्यताका जगमा उभिएर स्रष्टा-सम्मानको दसौँ वर्षदेखि गङ्गादेवी चौधरी स्मृतिसम्मान, नेपाल नवप्रतिभासम्मान, अरनिको ललितकलासम्मान, बालकृष्ण सम रङ्गसम्मान र गोपालप्रसाद रिमाल काव्यसम्मान गरी ८ वटा सम्मानहरू प्रदान गर्न थालियो । तर यसबीचमा संस्थापनकालका तीन सम्मानहरूलाई नै निरन्तरता दिने अवधारणा बनाई २०७९ देखि इतिहासशिरोमणि बाबुराम आचार्य शोधसम्मान, नारायणगोपाल सङ्गीतसम्मान र सरस्वतीसम्मानहरू प्रदान गर्न थालियो । यसरी २०५२ देखि २०७९ सालसम्ममा १ सय १७ जना स्रष्टा-कलाकारहरू साहित्यकला मन्दिरका यी विभिन्न सम्मानहरूद्वारा समानित भइसकेका छन् । र यस वर्षका ३ सम्मानहरूलाई पनि यसमा समावेश गर्ने हो भने सम्मानित स्रष्टाहरूको सङ्ख्या १ सय २१ पुगेको छ ।

यसअतिरिक्त वि. सं २०६० सालमा नेपाली उपन्यासको शताब्दी वर्षका अवसरमा आख्यानकार डा. ध्रुवचन्द्र गौतमलाई आधुनिक नेपाली उपन्यासमा आफ्ना मौलिक सिर्जनाद्वारा निरन्तर योगदान पुऱ्याएवापत तथा धुस्वाँ सायमिलाई नेपाल भाषाका साथै अन्य भाषामा समेत सशक्त उपन्यासहरू सिर्जना गरेवापत विशेष अभिनन्दन गरिएको थियो । यस्तै वरिष्ठ आख्यानकार ध्रुवचन्द्र गौतमको ८० औं जन्मोत्सवको अवसरमा २ पुस २०७९ मा यस साहित्यकला मन्दिरले उहाँलाई आविष्कारी आख्यानकारको उपाधि प्रदान गर्दै मेघा चौधरीद्वारा प्रकाशित तथा खुमनारायण पौडेल र ईशान गौतमद्वारा सम्पादित 'ध्रुवचन्द्र गौतमः आविष्कारी आख्यानका दशकहरू' नामक पुस्तकको लोकार्पण पनि गरेको थियो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्रकला प्रदर्शनी

साहित्यकला मन्दिरले आफ्नो गतिविधिको आरम्भ २०५२ भदौ ४ गते आयोजित चित्रकला प्रदर्शनीबाट गरेको हो । सिर्जना कन्टेम्पोररी आर्ट ग्यालरीसँगको सहकार्यमा यस संस्थाले बालकलाकार कीपा ज्यापूको एकल चित्रकला प्रदर्शनीको आयोजना गरेको थियो । तत्कालीन अधिराजकुमारी श्रुतिराज्यलक्ष्मीदेवी शाहद्वारा समुद्घाटित सो प्रदर्शनी चित्रकलाको इतिहासमै एउटा उदाहरणीय कार्य थियो । यस्तै २०५३ वैशाख १२ गते वरिष्ठ चित्रकार श्यामलाल श्रेष्ठका ५२ वटा चित्रकलाहरू सम्मिलित 'कन्टिन्युटी एक्सचेन्ज' नामक एकल चित्रकला प्रदर्शनीको पनि सहआयोजना गरेको थियो ।

रङ्गमञ्च

साहित्यकलासम्बन्धी विभिन्न गोष्ठी, कार्यशाला, सम्मेलन तथा प्रदर्शनीहरूको आयोजना गरी साहित्यकलाको उत्थानमा सक्रिय योगदान पुऱ्याउने यस संस्थाको अवधारणाको जगमा उभिएर गरिएको अर्को कार्यक्रम थियो- रङ्गमञ्चसम्बन्धी । २०५२ कात्तिक १३ गतेदेखि भारतीय दूतावासको सौजन्यमा श्रीराम कला केन्द्र दिल्लीको गीतिनाटक 'रामलिला' को आयोजना यसै संस्थाको तत्वावधानमा भएको थियो । यस्तै २०६३ मा आरोहण, गुरुकुलसँग मिली साहित्यकला मन्दिरले संयुक्तरूपमा 'इब्सन अन्तर्राष्ट्रिय नाटक महोत्सव, नेपाल' को पनि आयोजना गरेको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

०५३ कात्तिक ३ गते प्रसिद्ध समालोचक प्रा. डा. ईश्वर बरालको शोधग्रन्थ 'सुवानन्ददासप्रणीत पृथ्वीस्तवन' पुस्तककाररूपमा आउनुअघि नै यसको पाण्डुलिपिमाथि व्यापक परिचर्चाको आयोजना गरेको थियो । नेपाली साहित्यमा यो आफैँमा नौलो काम थियो ।

यसका साथै यस संस्थाले त्यति बेला भग्नावशेष बन्न लागेको न्युरोड गेटको जीर्णोद्धार गरी पुरातात्विक संरचनाहरूको पुनरूद्धार र यसको संरक्षणको अभिभारा पनि लिएको थियो ।

कृति प्रकाशन

नेपाली साहित्यमा योगदान दिने नेपाली भाषाका पुस्तक र पत्रिकाहरूलाई नेपाली, अङ्ग्रेजी वा अन्य भाषामा अनुवाद गरी वा मूलरूपमा प्रकाशन गर्ने आफ्नो अवधारणा अन्तर्गत यस संस्थाले २०५२ सालमै आख्यानकार डा. ध्रुवचन्द्र गौतमको उपन्यास 'द्विविधा' को प्रकाशन गरेको थियो । त्यसपछि संस्कृतिविद् एस. एल शर्माको खोजमूलक कृति 'अनुसन्धान', महाकवि बौद्धाचार्य अश्वघोषकृत तथा मोदनाथ प्रश्रित अनूदित 'बज्रसूची उपनिषद्', चित्रकविताको संकलन 'सिर्जना र माध्यम', डा. कृतिस्वरूप रावतलिखित तथा डा. ध्रुवचन्द्र गौतम अनूदित वैज्ञानिक विवेचनात्मक कृति 'पुनर्जन्म', लोकप्रिय गीतकार आनन्द अधिकारीकृत गीतिकृति 'मेरो माटो मेरो गीत', कवि दुर्गालाल श्रेष्ठको कवितासङ्ग्रह 'सँघारैनेर' डा. कीर्तिस्वरूप रावतको नेपाली-हिन्दी कविता-सङ्ग्रह 'उपहार' आदि कृतिहरू प्रकाशन गर्दै आयो । यसै क्रममा डा. गार्गी शर्माको समालोचनात्मक कृति 'शारदाका नारी स्रष्टाहरू', शकुन्तला जोशीको कविता-सङ्ग्रह 'आदिम सिमाना' र कवि लाराको कवितासङ्ग्रह 'लारा' तथा डा. अस्मिता अर्यालको 'मनको तीरैतीर' र 'मैले बुझेको दुनियाँ' पनि प्रकाशित गरिएको थियो । यसै क्रममा आज लोकार्पण हुने प्रा. डा. उषा ठाकुरको कृति 'विचार र विश्लेषण' पनि थपिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तकबाहेक नेपाली कवितालाई श्रव्य-दृश्यका माध्यमले पनि योगदान पुऱ्याउनुपर्छ भन्ने ध्येयले यस साहित्यकला मन्दिरले 'दृश्य' संस्थाको सहकार्यमा विभिन्न कालखण्डका १० प्रतिनिधि कविका कवितालाई उनीहरूकै आवाजमा स्वराङ्कन गरी प्रकाशित 'सुन्ने कविता' को लोकार्पण तत्कालीन राष्ट्रपति डा. रामवरण यादवले गरेका थिए । कवि राजेन्द्र शलभद्वारा संयोजित 'सुन्ने कविता' ले पनि आज एउटा छुट्टै इतिहास रचेको छ ।

साहित्यकला मन्दिर साहित्य र चित्रकलालाई एउटै छातामुनि कसरी समेट्न सकिन्छ भन्ने कुरामा पनि सधैँ चिन्तनशील रह्यो । फलतः तत्कालीन अवस्थामा अघिल्ला र समकालीन पुस्ताका २९ जना कविका कविताहरू सङ्कलन गरी ती कविताका भावानुरूप चित्रकलाको समेत प्रयोग गरी 'सिर्जना र माध्यम' नामक एउटा कृतिको प्रकाशन गरियो- २०५५ साउनमा ।

सिर्जनाशिविर

काम गर्दै जाँदा साहित्य र चित्रकलाले मात्र सम्पूर्ण सिर्जनशील क्षेत्रलाई समेट्न सकिँदैन भन्ने बोध भयो । अनि साहित्य र चित्रकलासँगै सिर्जनाको अर्को प्रमुख विधा सङ्गीतलाई पनि यी दुवै विधाहरूसँगसँगै अघि बढाउनुपर्छ भन्ने अभिप्रायले २०५६ भदौ ५ गते नगरकोटमा काव्य, गीत, चित्रकला, सङ्गीत र गायन क्षेत्रका विशिष्ट साधकहरूको सहभागितामा 'सिर्जनाशिविर' को आयोजना गरिएको थियो । यस शिविरमा तत्काल कविहरूले कविता लेखे र ती कवितामाथि तत्कालै चित्रकारहरूले चित्र कोरे । तत्काल गीतकारहरूले गीत लेखे र तत्कालै सङ्गीतकारहरूले ती गीतलाई धुनवद्ध गरे । साहित्यकला मन्दिरका अध्यक्ष बसन्त चौधरीको सभापतित्वमा आयोजित 'सिर्जनाशिविर' कवि क्षेत्रप्रताप अधिकारीको प्रमुख आतिथ्यमा सञ्चालित थियो भने शिविरको संयोजन साहित्यकला मन्दिरका उपाध्यक्ष एवम् वरिष्ठ रङ्गकर्मी हरिहर शर्माले गरेका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस शिविरमा डा. तारानाथ शर्मा, ईश्वरवल्लभ, तुलसी दिवस, क्षेत्रप्रताप अधिकारी, रत्नशमशेर थापा, रमेश खकुरेल, कालीप्रसाल रिजाल, मोदनाथ प्रश्रित, भवानी घिमिरे, अच्युतरमण अधिकारी, अशेष मल्ल, दिनेश अधिकारी, मञ्जुल, विष्णुविभु घिमिरे, शिव अधिकारी, विमल निभा, विधान आचार्य, पुरुषोत्तम सुवेदी, ध्रुव मधिकर्मी, रामशरण दर्नाल, प्रदीप भट्टराई, भागीरथी श्रेष्ठ, युवराज नयाँघरे, राजव, वासुदेव अधिकारी, कपिल काफ्ले, गुणराज लुइँटेल, राजेन्द्र शलभ, रमण घिमिरेलगायत कवि-साहित्यकारहरूले ४० वटा कविता-गीत सिर्जना गरेका थिए । ती सिर्जनामध्ये दीपक जङ्गम, शक्तिवल्लभ, बुलु मुकारूङ र भूपेन्द्र रायमाझीले आठवटा गीतलाई सङ्गीतवद्ध गरी ती मध्येका केही गीतलाई गायिका लासमित राईको स्वरमा प्रस्तुत पनि गरिएको थियो । चित्रकलातर्फ उत्तम नेपाली, किरण मानन्धर, नवेन्द्र लिम्बू, पुरण खड्कालगायतका कालाकारले आठवटा कलाकृतिको सिर्जना गरेका थिए । जुन चित्रकलाको बिक्रीबाट उठेको सम्पूर्ण रकम वरिष्ठ गायिका कोइलीदेवीको स्वास्थ्योपचारका लागि उनको निवासमै पुगेर संस्थाका अध्यक्ष बसन्त चौधरीले हस्तान्तरण गरेका थिए । साहित्यकला मन्दिरले आयोजना गरेको यो 'सिर्जनाशिविर' आफैँमा आज एउटा गतिलो इतिहास बोकेर उभिएको छ सिर्जनाका क्षेत्रमा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोष्ठी तथा परिचर्चा

यस संस्थाले साहित्यमा देखा परेका विभिन्न अप्ठ्यारा परिस्थितिहरूलाई एउटा सटिक निकास दिनुपर्छ भन्ने विचार गऱ्यो । यही प्रतिकूलतालाई चिर्न २०५६ भदौ २० गते 'नेपाली साहित्य, कला र संस्कृतिका क्षेत्रमा विद्यामान विसङ्ति र विकृति' विषयक एक दिवसीय विचार-मन्थनको आयोजना गरिएको थियो । यस विचार-मन्थनमा कृष्णचन्द्रसिंह प्रधान, डा. तारानाथ शर्मा, बैरागी काइँला, डा. ध्रुवचन्द्र गौतम, क्षेत्रप्रताप अधिकारी, चेतन कार्की, यादव खरेल, रत्नशमशेर थापा, उत्तम नेपाली, भवानी घिमिरे, कालीप्रसाद रिजाल, मञ्जुल, अभि सुवेदी, रामशरण दर्नाल, दिनेश अधिकारी, बसन्त चौधरी, दीपक जङ्गम, शैलेन्द्र साकार, शिव अधिकारी, विमल निभा, प्रदीप नेपाल, दुर्गानाथ शर्मा, विधान आचार्य, गुणराज लुइँटेल, रमण घिमिरे, हरिहर शर्मालगायत ४० जना विद्वान्हरूको उपस्थिति थियो ।

यस्तै यस संस्थाका महासचिव विष्णुविभु घिमिरेको संयोजनामा २०६९ मङ्सिर १९ गते 'काव्य विचारगोष्ठी' भएको थियो भने २०७० पुस १५ गते नारी साहित्यिक संस्था 'गुञ्जन'सँगको सहकार्यमा एक संगोष्ठीको आयोजान गर्नुका अतिरिक्त हिमालयन टेलिभिजनसँगको हातेमालोमा आमामाथि लेखिएका ५० जना कविका कविताहरू छायाँङ्कन गरी 'आमा ढोग गरेँ' कार्यक्रम अन्तर्गत प्रसारित गरिएको थियो ।

यसअतिरिक्त पुराना र नयाँ पुस्ताका कविहरूलाई एउटै मञ्चमा राखेर उनीहरूका कविता सुन्ने ध्येयले २०६९ माघ १ गते देखि 'सर्वनाम' नाट्य संस्थासँगको सहकार्य यस संस्थाले 'हामी- कवि र कविता' गोष्ठी सञ्चालन गरेको थियो । २०७६ को वैशाख निरन्तर चलेर ६८ शृङ्खला सम्पन्न भइसकेको र १ सय ३७ कविहरूले सहभागिता जनाइसकेकोमा कोभिडको प्रकोपका कारण बीचैमा यस अभियानको बिट मार्नुपऱ्यो ।

हामी
कवि र कविता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसै क्रममा २०७५ साउन २१ गते नवोदित कवयित्री डा. अस्मिता अर्यालरचित काव्यसङ्ग्रह 'मनको तीरैतीर' को विमोचन साहित्यकला मन्दिरका अध्यक्ष एवम् विशिष्ट कवि-गीतकार बसन्त चौधरीको सभापतित्व एवम् वरिष्ठ कवि-गीतकार कालीप्रसाद रिजालको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । सो समारोहमा कवि-गीतकारद्वय कालीप्रसाद रिजाल र बसन्त चौधरीले उक्त काव्यकृतिको संयुक्तरूपमा लोकार्पण गरेका थिए भने पुस्तकमाथि समीक्षात्मक टिप्पणी प्रा. डा. सावित्री कक्षपतिले गरेकी थिइन् । यस कृतिको प्रकाशन साहित्यकला मन्दिरले गरेको थियो । डा. अस्मिता अर्यालको दोस्रो कृति 'मैले बुझेको दुनियाँ' नामक निबन्धसङ्ग्रहको २०७९ सालमा लोकार्पण गरिएको थियो ।

नयाँ पुस्ताका कविहरूलाई पनि मञ्च दिने उद्देश्यले २०७५ जेठ १५ देखि साहित्यकला मन्दिर, सांस्कृतिक संस्थान र एम आर्ट थिएटरको संयुक्त आयोजना तथा राजेन्द्र शलभको संयोजनमा हरेक महिनाको १५ गते राष्ट्रिय नाचघरमा शृङ्खलावद्ध रूपमा कवितासँगै नाट्य प्रस्तुतिको कार्यक्रम 'काव्याङ्कुर' पनि आयोजना भएको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बसन्त चौधरीका कृति

बसन्त चौधरीले सीमूलका उपनामबाट कलम चलाए पनि कृतिकाररूपमा भने यस साहित्यकला मन्दिरद्वारा २०६३ मा उनको आफ्नै नामबाट प्रकाशित पहिलो निबन्धसङ्ग्रह 'राष्ट्रियता नदुखोस्' बाट आगमन भएको हो । त्यसको दुई वर्षपछि अर्थात् २०६५ मा उनको अर्को निबन्धसङ्ग्रह 'संवाद' प्रकाशित भएको हो । तर कविका रूपमा आएको उनको पहिलो काव्यसङ्ग्रह हो 'मेघा' (२०६८) । आफ्नी स्नेही छोरीका नामबाट शीर्षक राखिएको नेपाली र हिन्दी भाषाको यो सङ्ग्रह कवि चौधरीको प्रकाशित पहिलो कविताकृति हो ।

त्यसपछि 'मेरा कविताहरू' (२०७१), हिन्दी भाषाको पहिलो काव्यकृति 'आँसुओं की सियाही से' (२०७१) र २०७४ मा उहाँको चौथो काव्यकृति 'वसन्त' एकैसाथ नौ भाषाहरूमा प्रकाशित भए । यसको चर्चा तल गरिएको छ ।

प्रकाशोन्मुख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कवि बसन्त चौधरीको सिर्जनायात्राको थालनी गीतबाट भएको हो । २०५५ मा 'माइली' चलचित्रका लागि लेखेको 'अब त यो जिन्दगानी' बोलको गीतबाट उहाँको गीतकारिता सुरू भएको हो । त्यसपछि उनी आफ्ना गीतहरूको एकल एल्बम नै लिएर लगातार श्रोता-दर्शकमाझ प्रस्तुत हुन थाले । यस क्रममा 'माया बल्झेछ' (२०४८), 'तिम्रो नाममा' (२०६३), 'रिफ्लेक्सन अफ लभ' (२०६५), 'वन्ली लभ' (२०६७), 'लभ फर एभर' (२०६९) र 'वसन्तबेला' (२०७१) आदि एल्बमहरू वर्ष बिराउँदै प्राकशित भए । अनि हिन्दी भाषामा उनँले लेखेका गीतहरूको एल्मबहरू- 'कुछ ख्वाहिशें कुछ बंदिशें' (२०६९) र 'मुमेन्ट्स् अफ लभ' (२०७०) पनि प्रकाशित भए ।

बसन्तका नौ 'वसन्त' विमोचित

कवि बसन्त चौधरीको प्रसिद्ध काव्यकृति 'वसन्त' (नेपाली), जसलाई यही नाममा अङ्ग्रेजी, हिन्दी, नेवारी, मैथिली, भोजपुरी, तामाङ, बङ्गाली र मारवाडी गरी जम्मा आठ भाषामा रूपान्तरित गरी नौवटा भाषामा प्रकाशित यी कृतिहरूको २०७४ चैत ११ मा एक विशेष समारोहबीच लोकार्पित गरिएको थियो । यी कृतिहरूको क्रमशः नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेती, नेपाल भाषाका विशिष्ट कवि दुर्गालाल श्रेष्ठ, वरिष्ठ साहित्यकार श्रीमती भुवन ढुङ्गाना, प्रा. डा. उषा ठाकुर, पं. मानवेन्द्र शर्मा, डा. रामावतार यादव, प्रा. डा. ध्रुवचन्द्र गौतम, अमृत योञ्जन र वरिष्ठ गायिका नूपुर भट्टाचार्यले संयुक्तरूपमा लोकार्पण गरेका थिए । सो अवसरमा नौवटै भाषाका एकएक कवितालाई मञ्चन पनि गरिएको थियो ।

यसअघि नेपाल भाषामा अनूदित 'वसन्त' को पाटन सङ्ग्रहालयमा आयोजित एक विशेष समारोहबीच संस्कृतिविद् सत्यमोहन जोशीले विमोचन गरेका थिए । पछि भारतको कोलकाता पनि २०७५ मङ्सिर २२ गते यी विभिन्न नौ भाषामा प्रकाशित 'वसन्त' कविता-सङ्ग्रहको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले आयोजना गरेको समारोहमा विमोचन गरिएको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भारतमा एउटा कविको असीम सम्मान

भारत उत्तरप्रदेशको मेरठमा २०७५ मङ्सिर २३ गतेका दिन कवि बसन्त चौधरीलाई मुख्य अतिथि बनाएर एक 'क्रान्तिधरा मेरठ साहित्यिक महाकुम्भ' को आयोजान गरिएको थियो । उक्त समारोहमा आइएमटी विश्वविद्यालयका कुलपति, अध्यक्षलगायत त्यहाँका विशिष्ट प्राज्ञहरूद्वारा संयुक्तरूपमा बसन्त चौधरीको हिन्दी-अङ्ग्रेजी कविता-सङ्ग्रह 'चाहतों के साये में' को भव्यरूपमा विमोचन गरिएको थियो ।

तीन दिवसीय उक्त 'महाकुम्भ' को पहिलो दिनको प्रमुख आतिथ्य कवि बसन्त चौधरीले गरेका थिए । अत्यन्त महत्त्वका साथ उनलाई लब्धप्रतिष्ठित विद्वान्हरूका बीचमा यति ठूलो सम्मान दिनु नेपाली साहित्यक्षेत्र स्वयम्का लागि गरिमापूर्ण कार्य थियो । पहिलो दिनको 'महाकुम्भ'भरि खालि चौधरीको कवित्व र उहाँको शालीन व्यक्तित्वहरूमाथि मात्र विभिन्न विद्वान्-विदुषीहरूले चर्चा गरेका थिए । नेपाली साहित्यकारहरूको पनि ठूलो उपस्थिति रहेको त्यस समारोहमा कवि चौधरीले हिन्दी र नेपालीका गरी तीनवटा पत्रिका र केही गजल-सङ्ग्रहहरूको विमोचनका साथै केही विधाका सम्मान र पुरस्कारहरूको वितरण पनि गरेका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वकाव्य-यात्रा

नेपाली भाषा, साहित्य र संस्कृतिलाई विश्वव्यापीरूपमा प्रचार-प्रसार गर्ने र प्रवासमा रहेका नयाँ पुस्ताहरूबीच आफ्नो भाषा-संस्कृतिप्रति आकर्षण बढाउन र यसप्रति जागरण नै चलाउने उद्देश्यले सन् २०१२ अगस्त १२ मा अमेरिकाको न्यूयोर्क सहरहबाट कवि बसन्त चौधरीले विश्वकाव्य-यात्राको थालनी गरेका थिए- विश्वकाव्य-यात्रामार्फत् । यसक्रममा अमेरिकाका छवटा सहरहरूमा सातपटक, बेलायत, संयुक्त अरब इमिरेट्सको दुबई, भारतको सिक्किम राज्यको गान्तोक, हङकङ्, सिङ्गापुर, टोकियो (जापान), सिड्नी र मेलबर्न (अस्ट्रेलिया), काठमाडौँ, पोखरा र रूपन्देहीको देवदहमा गरी कवि चौधरीको विश्वकाव्य-यात्राका हालसम्म २० वटा श्रृंखला सम्पन्न भइसकेका छन् । सन् २०२२ मा भारतको नयाँ दिल्लीमा भएको मुसायरामा पनि उनको हिन्दी गजलको प्रस्तुति बढो रोचक ढङ्गबाट भएको थियो ।

यसरी कवि वसन्त चौधरीको सिर्जनायात्रा अविच्छिन्नरूपमा आफ्ना भावना र अभिव्यक्तिलाई नयाँ(नयाँ शैलीमा प्रस्तुत गर्दै र एकपछि अर्को कीर्तिमान खडा गर्दै अघि बढिरहेको छ । र साहित्यकला मन्दिर पनि उनको नेतृत्वमा नवनव विचार-प्रवाहका साथ यी ३० वर्षसम्मको अकण्टक र अविराम यात्रामा गतिशील भइरहेको छ । यसरी नै आगमी वर्षहरूमा पनि साहित्य, कला र संस्कृतिको उत्थान र अभिवृद्धिका लागि सतत प्रयत्नशील रहिरहने छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्व-साहित्यको समृद्धितिर अभिमुख हुने दिशामा साहित्यकला मन्दिर

प्रा. डा. उषा ठाकुर

साहित्य, कला, संस्कृति, सङ्गीत देशका दर्पण हुन् । देशको उन्नति साहित्यकार, कलाकार, सङ्गीतकारको उन्नतिमा निर्भर गर्छ । जुन देशका साहित्यकार जति उन्नत र सक्षम हुन्छन्, त्यो देश पनि त्यतिकै समृद्ध हुन्छ ।

यसै पवित्र उद्देश्यलाई परिपूर्णता प्रदान गर्नका लागि बसन्त चौधरीले वि. सं. २०५१ सालमा प्रा. मोहनराज शर्माको सभापतित्वमा नेपाली साहित्य, कला र संस्कृति फाँटका विशिष्ट व्यक्तित्वहरू सम्मिलित एउटा बृहत् भेलाको आयोजना गरे । यसको सङ्कल्प थियो, यी क्षेत्रको समृद्धि र विकासमा संस्थागतरूपमा यथोचित योगदान पुऱ्याउने । त्यही भेलाले बसन्त चौधरीको अध्यक्षतामा एक कार्यसमितिको गठन गऱ्यो र त्यस बैठकले यी सम्पूर्ण उद्देश्यलाई सम्बोधन गर्ने एउटा संस्थाको स्थापना गर्ने निर्णय गऱ्यो । सो संस्था श्री बसन्त चौधरीका पिता श्री लूनकरणदास चौधरी र माता श्रीमती गङ्गादेवी चौधरीका नाममै स्थापना गर्ने समेत निर्णय गऱ्यो । यसरी २०५१ फागुन २२ गते लूनकरणदास र गङ्गादेवी चौधरीको संरक्षकत्व तथा बसन्त चौधरीको अध्यक्षतामा गठन भएको हो- श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिर ।

यस संस्थानले प्रदान गरेको विशिष्ट योगदानले सम्पूर्ण साहित्य, कला, संस्कृति, इतिहास र सङ्गीतका विभिन्न विधा, विषय र क्षेत्रका विशिष्ट साधकहरूको सम्मान/पुरस्कार समर्पण, कृतिहरूको प्रकाशनसमेत गरेर देशमा मात्र होइन, अन्तर्राष्ट्रिय जगत्समेतमा ख्याति आर्जित भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस संस्थाले आफ्नो संस्थापनकालदेखि इतिहासशिरोमणि बाबुराम आचार्यशोधसम्मान, सरस्वतीसम्मान र नारायणगोपाल सङ्गीतसम्मान विद्वान्-साधकहरूलाई प्रदान गर्दैआएको छ । साथै यस मन्दिरले वाङ्मयका विभिन्न कार्यहरू विभिन्न समयमा सफलतापूर्वक गरेको छ ।

स्मरणीय छ कि नेपाली साहित्य, कला, सङ्गीत, इतिहास र संस्कृतिका फाँटमा आफ्नो निजी आर्थिक स्रोतबाट बहुमूल्य कार्य गर्दै र स्रष्टासम्मान अर्पण गर्दै गरिमामय साहित्यकला मन्दिर अब तीसौं स्रष्टासम्मानको आयोजना गर्ने तयारीमा छ ।

यस संस्थाले विगत २९ औं वर्षसम्म पनि साहित्य, कला, इतिहास, संस्कृति, सङ्गीतका विभिन्न विधा, विषय र क्षेत्रका विशिष्ट साधकहरूलाई सम्मान/पुरस्कार समर्पण र कृतिहरूको प्रकाशनका साथै विभिन्न समयमा विभिन्न कार्यहरू गरेको छ ।

साहित्यकला मन्दिरले नेपाल प्रज्ञा-प्रतिष्ठान र अनेकौं प्रतिष्ठित संस्थाहरूसँगको सहकार्यमा विभिन्न गतिविधिहरू गरेको छ । गुञ्जनसँगको सहकार्यमा संस्थाका महासचिव डा. विष्णुविभु घिमिरेज्यूको संयोजनमा २०६९ मङ्सिरमा काव्य-विचारगोष्ठीको आयोजना, नारी सिर्जनामाथि विशिष्ट अन्तरक्रिया, सर्वनामसँगको सहकार्यमा गरिएको 'हामी कवि र कविता' शृङ्खला आदि नितान्त महत्त्वपूर्ण काव्यिक कर्मको रूपमा देखिन्छ । स्थलगत सामूहिक सिर्जना कार्यक्रम गर्ने क्रममा नगरकोटको सुन्दर प्राकृतिक छटा भएको मनोरम ठाउँमा नेपालका लब्धप्रतिष्ठित सर्जकहरू, सङ्गीतकर्मी र कलाकारहरूसित छलफल विचार-विर्मश गरेको सिर्जनाशिविर आदिका आयोजना अत्यन्त फलदायी रहेका छन् ।

यस साहित्यकला मन्दिरका अध्यक्ष श्री बसन्त चौधरीको विश्वकाव्य-यात्राको सम्पन्नता, भारतसहित विदेशका धेरै ठाउँमा साहित्यिक कार्यक्रममा अध्यक्षता ग्रहण, उहाँद्वारा पुस्तक विमोचन कार्यक्रम, स्वयं बसन्तजीको पुस्तकहरू विमोचन, उहाँको हिन्दी काव्यकृति 'अनेक पल और मैं' लाई भारतको उडिसास्थित भुवनेश्वरमा आयोजित कलिङ्गा लिटरेरी फेस्टिवलमा सर्वश्रेष्ठ काव्य/गजलसङ्ग्रह घोषित गर्दै 'बुक अफ द इयर २०२१' द्वारा सम्मानित गरिएको साहित्यको गरिमाले यो संस्था आलोकित भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यत्ति मात्र होइन स्वयं साहित्यकला मन्दिरको श्रेष्ठता र उचाइसम्म पुग्ने बसन्तजीका स्वयं रचित पुस्तकहरूले उहाँलाई विश्वव्यापी साहित्यकार बनाएको छ । साथै बसन्त चौधरीजीका काव्यिक कर्ममा समर्पण र साहित्यप्रतिको अथक साधनाले यस संस्थालाई स्वर्णिम उचाइ प्रदान गरेको छ । यस संस्थाले विद्वान्, साधक, साहित्यकार, रङ्कर्मी, कलाकार, इतिहासकार, सङ्गीतकार, संस्कृतिविद्हरूको सेवा, सम्मान/पुरस्कार प्रदान गरेर, पुस्तक प्रकाशन गरेर र अनेकौँ प्रकारका साहित्यिक कार्यहरूको संयोजन गरेर अत्यन्त सकारात्मक र प्रेरणादायी काम गरेको छ । पूर्ण साधनारत र समर्पित भएर नेपाली वाङ्मयको पूर्ण विकास र प्रबर्द्धनका लागि सुकर्म सदा भइरहेको छ ।

उल्लेखनीय छ कि सम्मान/पुरस्कार प्रदान गर्ने प्रक्रिया पनि अत्यन्त उदाहरणीय रहेको छ । यो पुरस्कार प्रदान गर्ने प्रक्रिया पूर्ण तटस्थ र पारदर्शी ढङ्गले विद्वता, योग्यता र योगदानका आधारमा पूर्ण खोजबिन, छलफल गरेर एउटा समितिले छनोट गरेर नाम सिफारिश गर्छ, पछि फेरि पनि आवश्यक छलफल गरेर योग्य साधक, स्थापित व्यक्तिलाई पूर्ण बैठकद्वारा अनुमोदन गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी विविध गतिविधिहरूले बसन्त चौधरी एक विशुद्ध उद्योगपति मात्र नभएर उदारमना समाजसेवी तथा निष्काम मानवतावादी चरित्रका रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा सम्मानित र स्थापित हुन पुग्नुभएको छ ।

उहाँ बहुमुखी प्रतिभासम्पन्न कवि नेपाली, हिन्दी साहित्यका ज्योतिस्तम्भ हुनुहुन्छ । नेपाली र हिन्दी भाषामा समान अधिकार राख्ने र सफलतापूर्वक कलम चलाउने कवि बसन्त चौधरीका ९ वटा गीति एल्बम सार्वजनिक भइसकेका छन् । उहाँका २ वटा प्रबन्धसङ्ग्रह, २ वटा सूक्तिसङ्ग्रह, एउटा गीतसङ्ग्रह र १३ वटा नेपाली, हिन्दी भाषाका कवितासङ्ग्रह प्रकाशित छन्, जुन देशमा मात्र होइन, विदेशमा पनि सम्मानित र पुरस्कृत भएका छन् । उहाँका निम्न कृतिहरू उल्लेखनीय छन्-

१. राष्ट्रियता नदुखोस, २. संवाद, ३. मेघा, ४. मेरा कविताहरू, ५. आँसुओं की सिहायी से
६. जीवनमन्त्र, ७. वसन्त, ८. चाहतों के साये में, ९. तिमीविनाको म, १०. अनेक पल और मैं
११. जीवनमन्त्र-२, १२. मेरा गीत, १३. आहाना

नेपाली माटो, नेपाली जनता र नेपाल देशका लागि समर्पित उहाँका कविताहरू व्यक्ति, परिवार, समाज र राष्ट्रको सीमित सीमा नाघेर विश्वकल्याण कामनामा अर्पित छन् । बसन्तका नौ वटा 'वसन्त' एकैपटक नौ भाषामा अनूदित भएर एकैपटक लोकार्पण भएको थियो, जुन बहुचर्चित र प्रशंसित भएको थियो । बसन्तजीले उदारमना व्यापक हृदय लिएर आफ्नो रचनाधर्मिता र साहित्यकला मन्दिरका प्रत्येक कार्यमा स्वयं समाविष्ट भएर संस्थाको गरिमा सदैव बढाइरहनु भएको छ । कवि बसन्त र साहित्यकला मन्दिर एकअर्कामा गाँसिएका छन् । उहाँको हृदय सदा साहित्यकला मन्दिरको उन्नति, प्रगति र प्रवर्द्धनका लागि सतत चेतनशील रहेको छ । प्रतिपल उहाँको आँखाअगाडि संस्थाप्रतिको समर्पण घुमिरहेको छ र यस संस्थामार्फत नेपाली साहित्य, संस्कृति, कला, सङ्गीतलाई कसरी विश्व रङ्गमञ्चमा प्रतिष्ठित गर्न सकिन्छ भन्ने भावना व्याप्त भइरहन्छ ।

उहाँकै भनाइ अनुसार- व्यापार मेरो कर्म, समाजसेवा मेरो धर्म,
साहित्यकला मेरा इष्ट र अराध्य हुन् ।

साहित्यकला मन्दिरको ३०औँ वर्षमा प्रवेश एउटा अत्यन्त सुखद अनुभूति हो । कवि बसन्तको साधनाले साहित्यकला मन्दिरको बहुमूल्य योगदानलाई धनी र स्तरीय तुल्याएको छ । म साहित्यकला मन्दिरको महनीय कार्यहरू र बहुमूल्य योगदानको हार्दिक प्रशंसा गर्दछु र उत्तरोत्तर प्रगतिका लागि हार्दिक बधाई दिन चाहन्छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा. विद्यानाथ उपाध्याय भट्ट

जन्म : विसं १९९७ चैत

प्राध्यापक विद्यानाथ उपाध्याय भट्ट तन्त्र-विद्याका प्रकाण्ड विद्वान् हुनुहुन्छ । तन्त्रविद्या उहाँको पुस्ताँपुस्ताले अँगाल्दै र विस्तार गर्दैआएको विधा हो । उहाँद्वारा लेखिएका तन्त्रविषयक प्रकाशित पुस्तकहरूमा तन्त्रविद्यालोक, अक्षमालातन्त्र, श्रीमत्पशुपतितन्त्र, तन्त्रमा ब्रह्मविद्या र ब्रह्मचिन्तन, श्रीमद्भागवद्गीताभावचन्द्रिका (गीतासम्बन्धी), न्यायदर्शन र कामका रहस्य हुन् । उहाँले भूपतेन्द्रनवमी सिंहकृत तन्त्र चिन्तामणि नामक पुस्तकमा महत्त्वपूर्ण भूमिका लेख्नुभएको छ । प्रा. भट्ट त्रिभुवन विश्वविद्यालयमा २०१९ सालदेखि परीक्षा विभाग प्रमुखको रूपमा जिम्मेवारी वहन गर्दै त्यही विश्वविद्यालयअन्तर्गतको संस्कृत विषयक आचार्य विभागमा अस्थायी सहायक प्राध्यापक भई सेवा सुरू गर्नु भई २०३७ सालमा सहप्राध्यापक हुनुभयो ।

भारतको वाराणशीय संस्कृत विश्वविद्यालयबाट नव्यन्याय (संस्कृत भाषाशास्त्र) मा प्रथम श्रेणीमा प्रथम भई आचार्य (स्नातकोत्तर) गर्नुभएका प्रा. भट्ट वि. सं २०१९ देखि २०४३ सम्म त्रिभुवन विश्वविद्यालय सेवामा २४ वर्ष र २०४३ देखि २०६० सम्म महेन्द्र संस्कृत विश्वविद्यालय सेवामा १७ वर्ष सेवामा रहनुभयो । त्यसपछि यही संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठमा न्याय विभागमा कार्यरत रहनुभयो । यस क्रममा उहाँ छात्रावासको सुपरिवेक्षक, वाल्मीकि विद्यापीठमा प्रमुख प्रचार्य, सहायक डिन र यस संस्कृत विश्वविद्यालयको प्रथम शिक्षाध्यक्षसमेतको जिम्मेवारी वहन गरी २०६० सालसम्म काम गरी निवृत्त हुनुभयो ।

प्रा. विद्यानाथ उपाध्याय भट्टले विश्वविद्यालय स्वर्ण पदक, महेन्द्र विद्याभूषण, नेपाल सरकारबाट तन्त्रविद्याशिरोमणिको उपाधिका साथै जयतु संस्कृतम्‌बाट तन्त्र-न्यायविद्याकेसरी सम्मान, नेपाल प्रज्ञादर्शनशास्त्र पुरस्कार, चन्द्रधन पुरस्कार, मदनमान अमात्य पुरस्कार आदि उपाधि, सम्मान र पुरस्कार प्राप्त गर्नुभएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिरद्वारा समर्पित

इतिहासशिरोमणि बाबुराम आचार्य शोधसम्मान

आदरणीय प्रा. विद्यानाथ उपाध्याय भट्टज्यू,

श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्य-कला मन्दिरद्वारा स्थापित इतिहासशिरोमणि बाबुराम आचार्य शोधसम्मान यहाँलाई अर्पण गर्न पाउँदा साहित्य-कला मन्दिर अत्यन्तै गौरवान्वित भएको छ । नेपाली संस्कृतिका फाँटमा तन्त्रविद्याको साधना गर्दै तन्त्रविद्या र नव्यन्याय-शास्त्रमाथि आफ्ना शोध तथा खोजमूलक कृतिहरूमार्फत् यहाँले पुऱ्याउनुभएको विशिष्ट योगदानले नेपाली तन्त्रविद्या र न्यायशास्त्रका क्षेत्र नै समृद्ध र प्रतिष्ठित भएका छन् । यी क्षेत्रमा पुऱ्याउनुभएको योगदानका लागि यहाँजस्ता स्वनामधन्य विद्वान्लाई इतिहासशिरोमणि बाबुराम आचार्य शोधसम्मानले अभ्यर्चना गर्न पाउँदा हामी अत्यन्तै हर्षित भएका छौं ।

नेपाली तन्त्र-साधनाका विशिष्ट साधक !

नेपाली तन्त्रविद्याका क्षेत्रमा यहाँद्वारा सिर्जित कृतिहरूले नेपाली तन्त्रसंस्कृतिको विश्लेषण र मूल्याङ्कन गर्ने परम्परालाई नीलो आयाम दिएका छन् र यस क्षेत्रलाई अझ उर्वर र प्रतिष्ठित बनाएका छन् । यहाँद्वारा सिर्जित विशेषतः तन्त्रविद्या र नव्यन्यायसम्बन्धी कृतिहरूले नेपाली संस्कृतिलाई नयाँ दिशाबोध गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

नव्यन्याय-संस्कृतिका मूर्धन्य विद्वान् !

लेखन तथा प्राध्यापनका माध्यमले यहाँले यी क्षेत्रहरूमा पुऱ्याउनुभएको अविच्छिन्न योगदानको कदर गर्दै भविष्यमा पनि राष्ट्रले यी क्षेत्रमा यहाँबाट अझ बढी शोधमूलक कृतिहरू प्राप्त गर्न सकून् तथा नेपाली तन्त्रविद्यालगायत नव्यन्यायका फाँटमा अझ गहकिला कार्य हुँदै जाऊन् भन्ने हार्दिक शुभकामनाका साथ इतिहासशिरोमणि बाबुराम आचार्य शोधसम्मानद्वारा यहाँलाई सम्मानित गरिएको छ ।

विनीत,

मेघा चौधरी
अध्यक्ष
श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिर

इति संवत् २०८० साल असोज २९ गते, सोमबार ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



डा. विष्णुविभु घिमिरे

जन्म : वि. स. २०१० भदौ

डा. विष्णुविभु घिमिरे स्थापित कवि हुनुहुन्छ् । नेपाल प्रज्ञाप्रतिष्ठानका उपकुलपति, नेपाल लेखक सङ्घका अध्यक्ष, साझा प्रकाशनका अध्यक्ष तथा महाप्रबन्धक, सिर्जनशील झापाली समाजका अध्यक्ष तथा पाटन संयुक्त क्याम्पसका विभागीय प्रमुख, सर्वनाम नाट्य समूहका संस्थापक संयोजकलगायत एक दर्जनभन्दा बढी संस्थाको जिम्मेवारी वहन गरिसक्नुभएका डा. घिमिरे यस साहित्यकला मन्दिरका संस्थापक सदस्य तथा पूर्व महासचिव पनि हुनुहुन्छ ।

लामो समय त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गरिसक्नुभएका डा. घिमिरेका कठघरामा उभिएर, काँडाकाँडामा टेकेर र आफ्नो कविता आफ्नै आवाज गरी तीनवटा कवितासङ्ग्रह प्रकाशित छन् । यसबाहेक उहाँले सडकनाटकका पाँच वर्ष (समीक्षा- २०४४) तथा जनैको साँचो र सहयात्रा टेलिचलचित्रको पटकथा पनि लेख्नुभएको छ । उहाँले अहिले, गरिमा, विमोचन, सुरुचि, कला र सिर्जना, लालिमा आदि साहित्यिक र राजनीतिक पत्रिका एवम् पुस्तकहरूको सम्पादनसमेत गर्नुभएको छ ।

डा. घिमिरे प्रतिभा पुरस्कार, राष्ट्रिय युवावर्ष मोती पुरस्कार, उत्कृष्ट युवा पुरस्कार, उत्कृष्ट पटकथा लेखन पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, मानश्री पुरस्कार, बिपी कोइराला राष्ट्रिय पुरस्कार, दधिराज सुवेदी राष्ट्रिय भाषा पुरस्कार, कृष्णभूषण बल स्मृति पुरस्कार, नरेन्द्र चापागाईं स्मृति पुरस्कार, साहित्यिक पत्रकारिता पुरस्कार आदि पुरस्कारहरूबाट पुरस्कृत हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिरद्वारा समर्पित

सरस्वतीसम्मान

आदरणीय डा. विष्णुविभु घिमिरेज्यू,

श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्य-कला मन्दिरद्वारा स्थापित सरस्वतीसम्मान यहाँलाई अर्पण गर्न पाउँदा साहित्य-कला मन्दिर अत्यन्तै गौरवान्वित भएको छ। नेपाली साहित्यका क्षेत्रमा विगत पाँच दशकभन्दा लामो समयदेखि यहाँले पुऱ्याउँदै आउनुभएको अनवरत र विशिष्ट सिर्जनाले समग्र नेपाली वाङ्मय क्षेत्रकै समृद्धि र प्रतिष्ठामा विशिष्ट योगदान पुगेको छ। यस क्षेत्रमा पुऱ्याउनुभएको अविस्मरणीय र अमूल्य योगदानका लागि यहाँजस्ता मूर्धन्य साधकलाई सरस्वतीसम्मानले अभ्यर्चना गर्न पाउँदा हामी अत्यन्तै हर्षित भएका छौँ।

नेपाली साहित्यका बहुआयामिक प्रतिभा!

नेपाली साहित्यको समृद्धि र प्रचारमा यहाँद्वारा सिर्जित कालजयी कृतिहरूले समग्र नेपाली साहित्यिक फाँटलाई नै अझ उर्वर र प्रतिष्ठित बनाएका छन्। यस क्षेत्रमा यहाँले पुऱ्याउनुभएको योगदान सदा स्तुत्य र उदाहरणीय छ।

नेपाली काव्यसाहित्यका विलक्षण प्रतिभा!

आफूमा रहेको विलक्षण प्रतिभाका माध्यमले काव्यसिर्जनाका फाँटमा समेत यहाँले प्रवेश गराउनुभएको मौलिक शैली र शिल्पले सम्पूर्ण नेपाली वाङ्मयक्षेत्र नै वर्चस्वशाली र प्रतिष्ठित भएको छ। कवितासँगसँगै साहित्यिक पत्रकारितामार्फत् समग्र नेपाली वाङ्गमयको विकास, प्रतिष्ठा र ख्यातिका लागि यहाँले पुऱ्याउनुभएको योगदानको उच्च मूल्याङ्कन गर्दै, यहाँको विशिष्ट सिर्जनाले अझ व्यापक क्षितिज पाओस् तथा नव-नव कीर्तिमान् स्थापित गरिरहोस् भन्ने शुभकामनाका साथ सरस्वतीसम्मानद्वारा यहाँलाई सम्मानित गरिएको छ।

विनीत,

मेघा चौधरी
अध्यक्ष
श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिर

इति संवत् २०८० साल असोज २९ गते, सोमबार।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री लक्ष्मण नेवटिया

जन्म : वि. स. २०११ असोज

मोफसलमा बसेर नेपाली भाषा, साहित्यसँगसँगै हिन्दी र मारवाडी भाषामा कविता लेख्नुहुने श्री लक्ष्मण नेवटिया अन्य भाषाका विशिष्ट कृतिहरूलाई नेपाली भाषामा अनुवाद गर्ने कार्यमा कृतसङ्कल्पका साथ समर्पित भावले योगदान पुऱ्याउने स्रष्टा हुनुहुन्छ । श्री नेवटियाले मूलतः विगत पाँच दशकयतादेखि नेपाली, हिन्दी र मारवाडी भाषामा व्यङ्ग्य तथा विचारप्रधान कविता, हाइकु र लघुकथा विधामा निरन्तर कलम चलाउँदै आउनुभएको छ । उहाँले नेपालीसँगसँगै मारवाडी भाषा-साहित्यमा पनि त्यतिकै सशक्तरूपमा सिर्जना उमारिरहनुभएको छ । उहाँ एउटै पत्रिकामा लगातार ९ सय २१ कविता प्रकाशन गरी गोल्डेन बुक अफ वर्ल्ड रेकर्डमा आफूलाई नामाङ्कित गर्न सफल हुनुभएको छ ।

नेवटियाका कुतकुती (हास्यव्यङ्ग्य् कवितासङ्ग्रह), थोपाथोपा (हाइकुसङ्ग्रह), व्यङ्ग्यधाम (व्यङ्ग्य कवितासङ्ग्रह) यो जोसँग समन्धित छ (लघुकथासङ्ग्रह), मेरा व्यथा र चौदह कथा (कथासङ्ग्रह), त्रिवेणी (मुक्तकसङ्ग्रह) आदि मौलिक कृतिहरू प्रकाशित छन् । यसबाहेक उहाँको साहित्यकार लक्ष्मण नेवटिया विशेषाङ्क पनि प्रकाशित भइसकेको छ ।

उहाँ मौलिक लेखनसँगसँगै अनुवाद साहित्यमा पनि उत्तिकै सक्रिय हुनुहुन्छ । उहाँले श्रीमद्भागवद्गीतालाई हिन्दीमा पद्यानुवाद गरी अमृतगीता प्रकाशन गर्नुभएको छ भने अग्रभागवत नामक चार सय पृष्ठको ग्रन्थ पनि नेपाली भाषामा अनुवाद गर्नुभएको छ । यसबाहेक उहाँका गोरखापत्र, कान्तिपुर, नागरिक, मधुपर्क, गरिमा, हिमाल, देशान्तर, जूही, साप्ताहिक विमर्श, मातृभूमि साप्ताहिक, पूर्वाञ्चल दर्शन, अभिव्यक्ति आदि विभिन्न पत्रपत्रिकामा कविता र प्रभावोत्तेजक लेखरचनाहरू पनि प्रकाशित भइरहेका छन् । उहाँले झन्डै एक दर्जन साहित्यिक पत्रिकाहरूको सम्पादन पनि गर्नुभएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिरद्वारा समर्पित

सरस्वतीसम्मान

आदरणीय श्री लक्ष्मण नेवटियाज्यू,

श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्य-कला मन्दिरद्वारा स्थापित सरस्वतीसम्मान यहाँलाई अर्पण गर्न पाउँदा साहित्य-कला मन्दिर अत्यन्तै गौरवान्वित भएको छ। नेपाली, हिन्दी र मारवाडी काव्यसाहित्यका क्षेत्रमा विगत पाँच दशकभन्दा लामो समयदेखि यहाँले पुऱ्याउँदै आउनुभएको अनवरत र विशिष्ट सिर्जनाले समग्र नेपाली वाङ्मय क्षेत्रकै समृद्धि र प्रतिष्ठामा विशिष्ट योगदान पुगेको छ। यी क्षेत्रहरूमा पुऱ्याउनुभएको अविस्मरणीय र अमूल्य योगदानका लागि यहाँजस्ता मूर्धन्य साधकलाई सरस्वतीसम्मानले अभ्यर्चना गर्न पाउँदा हामी अत्यन्तै हर्षित भएका छौं।

साहित्यका बहुआयामिक प्रतिभा !

विभिन्न भाषासाहित्यको समृद्धि र प्रचारमा यहाँद्वारा सिर्जित कालजयी कृतिहरूले समग्र साहित्यिक फाँटलाई नै अझ उर्वर र प्रतिष्ठित बनाएका छन्। यस क्षेत्रमा यहाँले पुऱ्याउनुभएको योगदान सदा स्तुत्य र उदाहरणीय छ।

नेपाली व्यङ्ग्यकविताका विलक्षण प्रतिभा !

आफूमा रहेको विलक्षण प्रतिभाका माध्यमले विचारप्रधान कवितासँगसँगै लघुकथा, अनुवाद र हास्यव्यङ्ग्य साहित्यका फाँटमा समेत यहाँले प्रवेश गराउनुभएको मौलिक शैली र शिल्पले सम्पूर्ण नेपाली वाङ्मयक्षेत्र नै वर्चस्वशाली र प्रतिष्ठित भएको छ। हिन्दी, मारवाडीसँगसँगै समग्र नेपाली वाङ्गमयको विकास, प्रतिष्ठा र ख्यातिका लागि यहाँले पुऱ्याउनुभएको योगदानको उच्च मूल्याङ्कन गर्दै, यहाँको विशिष्ट सिर्जनाले अझ व्यापक क्षितिज पाओस् तथा नव-नव कीर्तिमान् स्थापित गरिरहोस् भन्ने शुभकामनाका साथ सरस्वतीसम्मानद्वारा यहाँलाई सम्मानित गरिएको छ।

विनीत,

मेघा चौधरी
अध्यक्ष
श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिर

इति संवत् २०८० साल असोज २९ गते, सोमबार।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री झुमा लिम्बू

जन्म : वि. स. २०४२ फागुन

श्री झुमा लिम्बू नेपाली व्यावसायिक तथा तालिम प्राप्त लोकगायिका हुनुहुन्छ । उहाँ विगत २२ वर्षदेखि लोकगायन, पार्श्वगायन, राष्ट्रिय गीतसँगै आधुनिक गीतगायन र सङ्गीत सिर्जनामा पनि उत्तिकै सक्रिय हुनुहुन्छ । उहाँ नेपाली रैथाने सङ्गीतलाई मलजल गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सक्रिय प्रतिभा हुनुहुन्छ । उहाँले लिम्बू धार्मिक ग्रन्थ 'मुन्धुम' लाई आफ्नै स्वरमा गाएर प्रकाशित पनि गर्नुभएको छ ।

उहाँका 'माया दौतरी', 'एइ साइँला' (लोकगीत), अम्बर गुरुङद्वारा सङ्गीतवद्ध एल्बम 'अम्बर सङ्गीत', 'खासाम' (मुन्धुम) 'घाटुसारी' (गुरुङजातिको साङ्गीतिक वृत्तचित्र), 'साउन्ड अफ मुन्धुम', 'ठाडो भाका' आदि एल्बमहरू प्रकाशित छन् ।

श्री लिम्बूले 'झरी' चलचित्रमा सांस्कृतिक विज्ञ र सङ्गीत निर्देशन, 'माङ्गेना' चलचित्रमा सङ्गीत र गायन गर्नुका साथै विभिन्न देशहरूमा एकल साङ्गीतिक प्रस्तुति दिनुका साथै एक दर्जनभन्दा बढी साङ्गीतिक कार्यक्रममा आफूलाई सहभागी गराइसक्नुभएको छ । यसका अतिरिक्त उहाँले नेपाली राष्ट्रियगान तथा नेपाली आदिवासी राष्ट्रियगानमा समेत सहकार्य गर्नुभएको छ । उहाँले राष्ट्रिय र जातीय सङ्गीत तथा गायनमा एक दर्जनभन्दा बढी पुरस्कार प्राप्त गर्नुभएको छ ।

नेपाली, अङ्ग्रेजी र हिन्दी भाषाकी ज्ञाता श्री लिम्बूले थुप्रै साङ्गीतिक-सांस्कृतिक गोष्ठी र तालिममा सहभागिता जनाई नेपाली तथा जातीय सङ्गीत-संस्कृतिलाई देशविदेशमा परिचित र विस्तार गराउने गहन कार्यमा पनि सशक्तरूपमा लागिरहनुभएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिरद्वारा समर्पित

नारायणगोपाल सङ्गीतसम्मान

आदरणीय श्री झुमा लिम्बूज्यू,

श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिरद्वारा स्थापित नारायणगोपाल सङ्गीतसम्मान यहाँलाई अर्पण गर्न पाउँदा साहित्यकला मन्दिर अत्यन्तै गौरवान्वित भएको छ। यहाँका लोकसँगसँगै आधुनिक सङ्गीतका जीवन्त सिर्जनाहरूले सम्पूर्ण नेपाली सङ्गीत-संस्कृतिलाई नै शिखरमा आरोहित गराएका छन्। यहाँको सङ्गीतसाधनाले आनन्दालोकको सिर्जना गर्छ। यस क्षेत्रको अनवरत र विशिष्ट साधनाका लागि यहाँजस्ती मूर्धन्य साधकलाई नारायणगोपाल सङ्गीतसम्मानले अभ्यर्चना गर्न पाउँदा हामी अत्यन्तै हर्षित भएका छौँ।

नेपाली लोकगायनकी अथक साधक!

नेपाली लोक-सङ्गीतको विस्तार र लोकप्रियता अभिवृद्धिका लागि यहाँको गायनकलाले समग्र नेपाली सङ्गीतिक फाँटलाई नै अझ उर्वर र प्रतिष्ठित बनाएका छन्। यी क्षेत्रहरूमा यहाँले पुऱ्याउनुभएको योगदान सदा स्तुत्य र उदाहरणीय छ।

नेपाली सङ्गीतकी विलक्षण प्रतिभा!

नेपाली लोक, आधुनिक र चलचित्र-सङ्गीतको श्रीवृद्धिका लागि समेत आफ्नो विलक्षण प्रतिभामार्फत आफ्नो ज्ञान, शिल्प र साधनालाई सिञ्चन गरी समग्र नेपाली साङ्गीतिक क्षेत्रमा यहाँले स्थापना गर्नुभएको कीर्तिमानप्रति सम्मान दर्शाउँदै यहाँको साधना र शिल्पले अझ उच्चता प्राप्त गर्दै जाओस् र समग्र नेपाली साङ्गीतिक क्षेत्रलाई नै अझ समृद्ध पार्न सकोस् भन्ने शुभकामनाका साथ नारायणगोपाल सङ्गीतसम्मानद्वारा यहाँलाई सम्मानित गरिएको छ।

विनीत,

मेघा चौधरी
अध्यक्ष
श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिर

इति संवत् २०८० साल असोज २९ गते, सोमवार।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डा. ध्रुवचन्द्र गौतम
२०५२

स्व. लैनसिंह बाङ्देल
२०५३

श्रीमती शकुन्तला शर्मा
२०५५

स्व. गोमा शर्मा
२०५६

स्व. कुलमणि देवकोटा
२०५७

स्व. देवकुमारी थापा
२०५८

स्व. गोविन्द मल्ल 'गोठाले'
२०५९



श्री मोदनाथ शास्त्री
२०६०



श्री हरिप्रसाद रिमाल
२०६१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



स्व. जनकप्रसाद हुमागाईं
२०६२

श्री सुनील पोखरेल
२०६४

स्व. कालीदास श्रेष्ठ
२०६५

स्व. कृष्णभूषण बल
२०६६

स्व. कृष्णचन्द्रसिंह प्रधान
२०६७

श्रीमती विमला श्रेष्ठ
२०६८

स्व. मास्टर जीवरत्न शाक्य
२०६९

श्री बैरागी काइँला
२०७०

श्री पेम्बा तामाङ
२०७१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्री परशु प्रधान
२०७२



स्व. मदनमणि दीक्षित
२०७३

श्री कालीप्रसाद रिजाल
२०७४

श्री दुर्गालाल श्रेष्ठ
२०७५

श्री अच्युतरमण अधिकारी
२०७६



श्री चूडामणि रेग्मी
२०७८



श्री तेजेश्वरबाबु ग्वङ्गः
२०७९

स्रष्टासम्मानको ३०औं वर्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहासशिरोमणि बाबुराम आचार्य शोधसम्मान

श्री ज्ञानमणि नेपाल
२०५२



स्व. डा. तारानाथ शर्मा
२०५३

स्व. चूडानाथ भट्टराय
२०५५



स्व. पं. नयराज पन्त
२०५६

स्व. बालकृष्ण पोखरेल
२०५७



स्व. स्वामी प्रपन्नाचार्य
२०५८

स्व. तारानन्द मिश्र
२०५९

श्री सत्यमोहन जोशी
२०६०



प्रा. डा. जगदीशचन्द्र रेग्मी
२०६१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहासशिरोमणि बाबुराम आचार्य शोधसम्मान



स्व. पूर्णप्रकाश नेपाल "यात्री"
२०६२

प्रा. डा. स्व. मुकुन्दराज अर्याल
२०६४



श्री बुद्धिनारायण श्रेष्ठ
२०६५



स्व. गोविन्द भट्ट
२०६६



प्रा. डा. स्व. दयानन्द वज्राचार्य
२०६७

प्रा. डा. चूडामणि बन्धु
२०६८

प्रा. डा. योगेन्द्र यादव
२०६९

प्रा. दिनेशराज पन्त
२०७०



श्री महेश चौधरी
२०७१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहासशिरोमणि बाबुराम आचार्य शोधसम्मान



प्रा. तुलसी दिवस
२०७२

डा. जगमान गुरुङ
२०७३

स्व. हरिकान्तलाल दास
२०७४

प्रा. डा. प्रेमकुमार खत्री
२०७५

श्री मोदनाथ प्रश्रित
२०७६

प्रा. डा. श्रीमती वीणा पौड्याल
२०७८



प्रा. डा. त्रिरत्न मानन्धर
२०७९

स्रष्टासम्मानको ३०औं वर्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नारायणगोपाल सङ्गीतसम्मान

सङ्गीतप्रवीण स्व. गणेशबहादुर भण्डारी
२०५२

स्व. नातिकाजी श्रेष्ठ
२०५३

सङ्गीतप्रवीण स्व. नरराज ढकाल
२०५५

श्री कुमार बस्नेत
२०५६



लोककवि स्व. अलिमियाँ
२०५७

सङ्गीतप्रवीण स्व. शम्भुप्रसाद मिश्र
२०५८



स्व. प्रेमध्वज प्रधान
२०५९

स्व. साम्बदेव सापकोटा
२०६०

स्व. अम्बर गुरुङ
२०६१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नारायणगोपाल सङ्गीतसम्मान

श्री शम्भुजित बासकोटा
२०६२



स्व. सुवि शाह
२०६४



स्व. हरिकृष्ण दर्शनधारी
२०६५



सङ्गीतप्रवीण श्री गोपालनाथ योगी
२०६६



स्व. रामशरण दर्नाल
२०६७

प्रा. दीपक जङ्गम
२०६८

श्रीमती मीरा राणा
२०६९

श्रीमती तीर्थकुमारी थापा
२०७०



श्री किरण खरेल
२०७१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नारायणगोपाल सङ्गीतसम्मान

श्रीमती विमला सेन्चुरी प्रधान
२०७२

श्री शान्ति ठटाल
२०७३

श्री दीप श्रेष्ठ
२०७४

श्री शुभबहादुर सुनाम
२०७५

श्री गणेश रसिक
२०७६



श्री नन्दकृष्ण जोशी
२०७८

श्री न्हुछेबहादुर डङ्गोल
२०७९

30
स्रष्टासम्मानको ३०औं वर्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गङ्गादेवी चौधरी स्मृतिसम्मान

स्व. सुशीला कोइराला
२०६४

श्रीमती कविता पौडेल
२०६८

स्व. साहना प्रधान
२०६९

श्रीमती गीता केशरी
२०७०

श्रीमती गीता खत्री
२०७१

श्रीमती भुवन ढुङ्गाना
२०७२

स्व. अङ्गुरबाबा जोशी
२०७३

श्रीमती तोया गुरुङ
२०७४

श्रीमती भागीरथी श्रेष्ठ
२०७५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गङ्गादेवी चौधरी स्मृतिसम्मान

श्रीमती पद्मावती सिंह
२०७६

श्री राष्ट्रिय आविष्कार केन्द्र
२०७८

गोपालप्रसाद रिमाल काव्यसम्मान



श्री दिनेश अधिकारी
२०७६



श्री विश्वविमोहन श्रेष्ठ
२०७८

30
स्रष्टासम्मानको ३०औं वर्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री नरेन्द्र श्रेष्ठ
२०६४

श्री सरिता मिश्र
२०६५



श्री वनिष शाह
२०६६

डा. रवीन्द्र समीर
२०६७

श्रीमती यशोदा तिम्सिना
२०६८

श्री ठाकुर बेलवासे
२०६९



श्री राजकुमार पुडासैनी
२०७०

डा. सुजाना फोबू
२०७१



श्री चूडामणि भट्टराई
२०७२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल नवप्रतिभा पुरस्कार

श्री पारस खड्का
२०७२

डा. बविता पौडेल भट्टराई
२०७३

श्री मीरा राई
२०७४

श्री फूलमान बल
२०७५

श्री सृष्टि केसी
२०७६

श्री सन्दीप लामिछाने
२०७८

30
स्रष्टासम्मानको ३०औं वर्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अरनिको ललितकला सम्मान



श्री रवीन्द्र ज्यापू
२०७१

श्री शशी शाह
२०७२

श्री दुर्गा बराल
२०७३



स्व. उत्तम नेपाली
२०७४

श्री शशीकला तिवारी
२०७५

श्री किरण मानन्धर
२०७६

श्रीमती रागिनी उपाध्याय
२०७८

30
स्रष्टासम्मानको ३०औं वर्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री अशेष मल्ल
२०७१



श्री हरिबहादुर थापा
२०७२

स्व. प्रचण्ड मल्ल
२०७३

श्री महेन्द्र मलङ्गिया
२०७४

श्रीमती मिथिला शर्मा बोहरा
२०७५

श्रीमती भुवन थापा चन्द
२०७६

श्री वीरेन्द्र हमाल
२०७८

30
स्रष्टासम्मानको ३०औं वर्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आज लोकार्पण हुने पुस्तकका स्रष्टाद्वयलाई
हार्दिक बधाई तथा शुभकामना





श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिर

कार्यसमिति

संरक्षक
श्री बसन्त चौधरी

अध्यक्ष
श्री मेघा चौधरी

उपाध्यक्ष
श्री हरिहर शर्मा

महासचिव
श्री रमण घिमिरे

कोषाध्यक्ष
श्री मनीष खेमका

सदस्य
श्री रायन श्रेष्ठ

सदस्य
प्रा. डा. उषा ठाकुर

सदस्य
श्री राजेन्द्र शलभ

कार्यालय सचिव
श्री राजकुमार अधिकारी

काठमाडौं, नेपाल, फोन-०१ ४२२१२६०, ४२४९९०६, Email: skm@blc.com.np

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal